अन्तिम लेखापरीक्षण प्रतिवेदन

बर्दिबास नगरपालिका
महोत्तरी

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

बर्दिबास नगरपालिका

महोत्तरी

आर्थिक वर्ष २०७९/८०



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

बर्दिबास नगरपालिका

महोत्तरी

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

(तोयम राया)

२०८१ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
मधेश प्रदेश

मितिः२०८१।०२।११

प.सं. २०८०।८१

च.नं. ७२

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुख ज्यू ,

बर्दिबास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

बर्दिबास, महोत्तरी ।

१. **कैफियत सहितको राय** — हामीले बर्दिबास नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. ९ करोड ९ लाख ७२ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया प्राप्त नभएकोमा बाँकी बेरुजु असुल गर्नुपर्ने रू १ करोड ३६ लाख ४३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ५ करोड ५६ लाख ३२ हजार, नियमित गर्नुपर्ने रु. २ करोड १६ लाख ९६ हजार समेत गरी यो वर्ष रु. ९ करोड ९ लाख ७२ हजार बेरुजु कायम रहेको छ । बर्दिबास नगरपालिकाको गतवर्ष सम्म रु. ३९ करोड ९० लाख ६२ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ४९ करोड

३४ हजार रहेको छ । बर्दिबास नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी बर्दिबास नगरपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(श्यामप्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

बर्दिबास नगरपालिका,

महोत्तरी जिल्ला,

१. चालु वर्ष २०७९।८० को बेरुजु

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फस्योंट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या			दफा संख्या			दफा संख्या									
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
६६	२००	९०९७२	०	०	०	६६	२००	९०९७२	१३६४३	२१६९६	५५६३२	०	०	७७३२९	०

२. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्योंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
महोत्तरी	३९९०६२	०	०	३९९०६२	०	९०९७२	४९००३४

परिचय

१ **कार्यालयको परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी धायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १४ वडा रहेको छ भने क्षेत्रफल ३१५.६ वर्ग किलोमिटर तथा ६६३५८ जनसंख्या रहेको छ।

२ **लेखापरीक्षणको उद्देश्य -** स्थानीय तहको वित्तीय विवरण तथा कारोबारको नियमितता तथा औचित्यको आधारमा परीक्षण गरी वित्तीय प्रतिवेदन उपर उचित आश्वस्तता प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य रहेको छ। वित्तीय लेखापरीक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण लेखापरीक्षण नीति मानदण्ड व्यवस्थापन प्रतिनिधित्व लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरिएको स्वीकृत लेखापरीक्षण योजना कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षणसम्पत्र गरिएको छ ।

३ **संवैधानिक तथा कानूनी व्यवस्था -** नेपालको संविधानको धारा २१४ बमोजिम स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र संघीय कानूनको अधिनमा रही नगरपालिकामा निहित हुने र धारा २२९ मा व्यवस्थापकीय अधिकार नगरसभामा रहने व्यवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा पालिकाको हुने उल्लेख छ। सोही अधिकार बमोजिम नगरपालिकाले कार्य गर्दै आएको छ ।

४ **आर्थिक कारोवारको स्थिती -** आर्थिक कारोवारको स्थिती स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय संचित कोष व्यवस्थापन प्रणाली **(SuTRA)** बाट तयार भएको आर्थिक वर्ष २०७९।८० को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ ।

प्राप्ती भुक्तानी हिसाव								
विवरण	टिप्पणी	यस वर्ष रु.				गतवर्ष रु.		
		बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/ सोझै भुक्तानी	जम्मा	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/ सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		१,४५,४३,९०,४१८.००	८९,६९,५०,७६४.६४		८९,६९,५०,७६४.६४	९७,९४,९६,३८६.६१		९७,९४,९६,३८६.६१
क. प्राप्ति (संचितकोषमा		१,४१,७५,९८,८२२.७२	८४,८५,२५,८४७.२०	०.००	८४,८५,२५,८४७.२०	९३,९१,७२,२१६.६३	०.००	९३,९१,७२,२१६.६३

आम्दानी बाँधिने)								
११००० कर	११	२३,२८,२०,०००.००	१९,८४,३३,१०३.०९	०.००	१९,८४,३३,१०३.०९	२५,९५,५९,८७७.४४	०.००	२५,९५,५९,८७७.४४
१३००० अनुदान		७१,६९,२८,०००.००	६१,४३,६०,२७०.१८	०.००	६१,४३,६०,२७०.१८	५६,३८,२६,०४०.५२	०.००	५६,३८,२६,०४०.५२
संघीय सरकार	१२	६८,८०,८५,०००.००	५८,७५,७२,४२०.१८	०.००	५८,७५,७२,४२०.१८	५४,५२,८१,८५३.५२	०.००	५४,५२,८१,८५३.५२
प्रदेश सरकार	१२	२,८८,४३,०००.००	२,६७,८७,८५०.००	०.००	२,६७,८७,८५०.००	१,८५,४४,१८७.००	०.००	१,८५,४४,१८७.००
१४००० अन्य राजस्व		७,५५,००,०००.००	३,५७,३२,४७३.९३	०.००	३,५७,३२,४७३.९३	११,५७,८६,२९८.६७	०.००	११,५७,८६,२९८.६७
१५००० विविध प्राप्ति		५०,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००
३२००० वित्तीय सम्पत्ति		३९,२३,००,८२२.७२	०.००	०.००	०.००	०.००	०.००	०.००
ख. अन्य प्राप्ति		३,६७,९१,५९५.२८	४,८४,२४,९१७.४४		४,८४,२४,९१७.४४	४,०३,२४,१६९.९८		४,०३,२४,१६९.९८
वितरण गर्न बाकी राजस्व		०.००	२,५८,७६,१६९.०१	०.००	२,५८,७६,१६९.०१	१,८८,२९,९२२.९८	०.००	१,८८,२९,९२२.९८
कोषहरु		३,६७,९१,५९५.२८	१,६६,३४,७६५.४३	०.००	१,६६,३४,७६५.४३	१,२४,२४,५४५.००	०.००	१,२४,२४,५४५.००
धरौटी		०.००	५९,१३,९८३.००	०.००	५९,१३,९८३.००	९०,६९,७०२.००	०.००	९०,६९,७०२.००
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०.००	०.००	०.००	०.००	०.००	०.००	०.००
भुक्तानी (ग+घ)		१,४५,४३,९०,४१८.००	९८,१८,२७,८६९.०१		९८,१८,२७,८६९.०१	८९,२१,६३,६८७.५९		८९,२१,६३,६८७.५९

ग. भुक्तानी (सञ्चित कोषबाट)		१,४१,७५,९८,८२२.७२	९५,८०,५५,७२९.११		९५,८०,५५,७२९.११	८६,८०,९२,०४३.७५		८६,८०,९२,०४३.७५
२१००० पारिश्रमिक / सुविधा	१८	१९,६३,१२,००० .००	१६,२२,०४,७६९.७४	०.००	१६,२२,०४,७६९.७४	३०,५१,९८,४०१.८३	०.००	३०,५१,९८,४०१.८३
२२००० मालसामान तथा सेवाको उपयोग	१८	१४,३२,०८,०००.००	१२,०४,६२,६५६.०१	०.००	१२,०४,६२,६५६.०१	१२,१४,३९,३६२.०८	०.००	१२,१४,३९,३६२.०८
२५००० सहायता (Subsidy)	१८	२७,७६,३८,०००.००	२६,३०,०६,७७४.००	०.००	२६,३०,०६,७७४.००	३,६१,६४,५६५.२०	०.००	३,६१,६४,५६५.२०
२७००० सामाजिक सुरक्षा	१८	९१,३०,०००.००	९०,५३,१३४.००	०.००	९०,५३,१३४.००	५६,६७,९८८.००	०.००	५६,६७,९८८.००
२८००० अन्य खर्च	१८	८८,००,०००.००	५२,२३,३३३.००	०.००	५२,२३,३३३.००	८६,५१,६००.१०	०.००	८६,५१,६००.१०
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	७८,२५,१०,८२२.७२	३९,८१,०५,०६२.३६	०.००	३९,८१,०५,०६२.३६	३९,०९,७०,१२६.५४	०.००	३९,०९,७०,१२६.५४
घ. अन्य भूक्तानी		३,६७,९१,५९५.२८	२,३७,७२,१३९.९०		२,३७,७२,१३९.९०	८९,२१,६३,६८७.५९		८९,२१,६३,६८७.५९
कोषहरु		३,६७,९१,५९५.२८	१,१९,२८,९०३.००	०.००	१,१९,२८,९०३.००	१,९८,४२,४६३.५१	०.००	१,९८,४२,४६३.५१
धरौटी		०.००	१,१८,४३,६४४.९०	०.००	१,१८,४३,६४४.९०	४२,२९,१८०.३३	०.००	४२,२९,१८०.३३
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०.००	०.००	०.००	०.००	०.००	०.००	०.००

कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी			(४०८.००)		(४०८.००)			
ङ. यो वर्षको बचत (न्युन)			(८,४८,७७,१०४.३७)		(८,४८,७७,१०४.३७)	८,७३,३२,६९९.०२		८,७३,३२,६९९.०२
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			४५,३५,६५,९५४.९०		४५,३५,६५,९५४.९०	३६,५३,१६,५६०.९३		३६,५३,१६,५६०.९३
वर्षान्तको बाकी रकम (ङ + च)			३६,८६,८८,८५०.५३		३६,८६,८८,८५०.५३	४५,२६,४९,२५९.९५		४५,२६,४९,२५९.९५
बैंक तथा नगद बाकी	२४		३४,९४,१४,०३७.६०		३४,९४,१४,०३७.६०	४५,७६,६०,१७०.९५		४५,७६,६०,१७०.९५

५ **लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा देहाय बमोजिमको रु. ५१०३३४ असुली भई आन्तरिक राजस्व र सञ्चित कोष दाखिला भएको छ ।

कार्यक्रम/ब.उ.शी.नं.	वापत	रकम	मिति	दाखिला भएको बैङ्क
आन्तरिक आय	आन्तरिक राजस्व	१८९१००	२०८०।०९।१० र ०८०।१०।१५	राष्ट्रिय वाणिज्य बैङ्क
समाजिक सुरक्षा	बैङ्कले फिर्ता गर्नुपर्ने रकम	३१२२३४	२०८०।०८।२९	राष्ट्रिय वाणिज्य बैङ्क

६ **लेखापरीक्षण -** यस पालिकाको आर्थिक वर्ष २०७९।०८० को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०८०, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा

निक्यौंल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

७ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

७.१ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षाको रु.२७,८४,६३,००८, नगर प्रशासनिक भवन तर्फको रु.३०,४६,६६४ र नर्सिङ्ग तथा सामाजिक सुरक्षा सेवा कार्यक्रमको रु.१४,७०,८१९ समेत गरी रू.२८,२९,८०,४९१ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७.२ **फरक हिसाब —** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.(४०९४१७०.४४) , यस वर्षको प्राप्ति रु.(३६३८३२६२२.८१),यस वर्षको भुक्तानी रु.(३८७२०) र बैङ्क मौज्दात रु.०.५ ले फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	**गतवर्षको जिम्मेवारी**	**यसवर्षको प्राप्ति**	**यसवर्षको भुक्तानी**	**बैङ्क मौज्दात**

सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२)	४५३५६५९५४.९०	८९६९५०७६४.६४	९८१८२७८६९.०१	३४९४१४०३७.६०
एकिकृत आर्थिक विवरणअनुसार	४५७६६०१२५.३४	१२६०७८३३८७.४५	१३६९०२९४७५.६९	३४९४१४०३७.१०
फरक	**(४०९४१७०.४४)**	**(३६३८३२६२२.८१)**	**(३८७२०१६०६.६८)**	०.५०

सैद्धान्तिक बेरुजु

८ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले उपलब्ध गराएको (सुत्रको म.ले.प.फा.२७२ को अनुसूची-२४ अनुसार) बैङ्क हिसाब मिलान विवरणको स्थिती देहायअनुसार छः

सि.नं.	**खाताको नाम**	**श्रेस्ता अनुसार बाँकी**	**बैंक स्टेटमेण्ट अनुसार बाँकी**	**फरक**
१	संचित कोष खाता	२८२७७१३४८.२७	२८२७७१३४८.२७	०.००
2.	धरौटी खाता	१२३८७२२७.५०	१२३८७२२७.५०	०.००
३	प्रकोप ब्यबस्थापन कोष खाता	१४३७९७८०.९६	१४३७९७८०.९६	०.००
४	बिबिध खर्च खाता	३१५५४७१.३२	३१५५४७१.३९	०.०७
5.	स्थानीय तह विविध कोष खाता	१०८४४०४०	१०८४४०४०	०.००
6.	स्थानीय तह विभाज्य कोष खाता	२५८७६१६९.०१	२५८७६१६९.०१	०.००

जम्मा	३४९४१४०३७.०६	३४९४१४०३७.१३	०.०७

सैद्धान्तिक बेरुजु

९ **सञ्चित कोषमा स्थानान्तरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। सूत्र अनुसार नगरपालिकाले तोकिएको समयमा सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गरेको छ ।

सैद्धान्तिक बेरुजु

१० **अनुदान फिर्ता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) को अनुसूची २१ मा फिर्ता गर्न बाँकी संघीय समपुरक अनुदान रु.५५,००,००० नगरपालिकाले मिति २०८०।५।२७ मा फिर्ता गरेको देखिन्छ । पालिकाले खर्च भई बाँकी रहेको अनुदान रकम नियमानुसार आर्थिक मसान्तको अन्त्यमा नै फिर्ता गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

११ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।३।९ मा रु.१,१९,१०,७०,००० को बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।९ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।४।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । यसरी समयमानै बजेट पेश,स्वीकृत र अख्तियारी प्रत्यायोजन गरी बजेट कार्यान्वयनमा प्रभावकारी ल्याउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१२ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको

प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१३ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **खर्च बिश्लेषण -** नगरपालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु.३,६३,७५,०४८.५६ राजस्व बाँडफाँड र अनुदानबाट रु.१,२२,४४,०८,३८८.८९ समेत रु.१,२६,०७,८३,३८७.४५ आम्दानी भएकोमा चालु तर्फ रु.५५,९९,५०,६६६.६५ र पूँजिगत तर्फ रु.३९,८१,०५,०६२.३६ समेत रु.९५,८०,५५,७२९.०१ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ३.८० प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु.१,३०,७९,००० खर्च भएको छ जुन आन्तरिक आयको ३५.९६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४४.४१२९ प्रतिशत चालु र ३१.५७६० प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१५ **क्षेत्रगत बजेट र खर्च सम्बन्धी विवरण -** स्थानिय तहले एकीकृत,समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस नगरपालिकाको आ.व. २०७९।०८० मा क्षेत्रगत बजेट र खर्चको स्थिती देहाय अनुसार रहेको छ ।

मुख्यक्षेत्र	**वार्षिक वजेट**	**खर्च रकम**	**कुल खर्च मध्ये प्रतिशत**

आर्थिक विकास	52980000	34141153	३.६५
सामाजिक विकास	523904000	418325852.4	४४.७०
पूर्वाधार विकास	545526822.7	288618371	३०.८४
सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	5200000	2657704.77	०.२८
कार्यालय सञ्चालन तथा प्रशासनिक	249568000	192155615.8	२०.५३
जम्मा	**१३७७१७८८२३**	**९३५८९८६९७**	**१००**

माथि प्रस्तुत तालिका अनुसार नगरपालिकाले पूर्वाधार क्षेत्रमा सबैभन्दा बढी अर्थात रु.५४,५५,२६,८२२.७ र सबैभन्दा कम सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा अर्थात रु.५२,००,००० विनियोजन गरेको छ । कुल खर्चमा खर्च प्रतिशत विश्लेषण गर्दा सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ४४.७० प्रतिशत तथा सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबैभन्दा कम अर्थात ०.२८ प्रतिशत खर्च प्रगति भएको छ । यसरी सबैभन्दा बढि बजेट विनियोजन गरेको पूर्वाधार क्षेत्रको खर्च गर्ने क्षमतामा सुधार गरी अपेक्षित विकासको नतिजा हासिल गर्ने तथा लक्ष्यनुसार खर्च प्रगति हासिल गरी नगरवासीको सुशासन तथा संस्थागत विकासमा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ **त्रैमासिक पूँजिगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम १६ (१०) बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरणअनुसार पूँजीगत खर्च वार्षिक रु.३९ करोड ८१ लाख ५ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.५ करोड २८ लाख ५५ हजार अर्थात १३.२८ प्रतिशत, दोस्रो त्रैमासिकमा रु.२ करोड ६८ लाख ५५ हजार अर्थात ६.७५ प्रतिशत, तेस्रो त्रैमासिकमा रु.८ करोड ९२ लाख ९५ हजार अर्थात २२.४३ प्रतिशत र चौथो त्रैमासिकमा रु.२२ करोड ९१ लाख अर्थात ५७.५४ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै असार महिनामा मात्र रु.१६ करोड २ लाख ३ हजार अर्थात ४०.२४ प्रतिशत खर्च देखिनुले असारमा आएर खर्चको चाप बढेकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनु पर्दछ ।

क्र.सं.	**बजेट उपशिर्षक**	**कुल खर्च**	**त्रैमासिक खर्च (रु. हजारमा)**

			प्रथम त्रैमासिक	दोश्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथौ त्रैमासिक	असार महिना
१.	पूँजिगत खर्च	३९८१०५	५२८५५	२६८५५	८९२९५	२२९१००	१६०२०३
	प्रतिशत	**१००%**	**१३.२८**	**६.७५**	**२२.४३**	**५७.५४**	**४०.२४**

सैद्धान्तिक बेरुजु

१७ **योजनाको प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नाअनुसारका कुल ३१५ योजनामा वजेट विनियोजन गरेको छ।

विवरण	रु १ लाख सम्म	रु १ लाख देखि २ लाखसम्म	रु २ लाखदेखि ५ लाखसम्मका	रु ५लाख देखि १० लाखसम्मका	रु १० लाखभन्दा बढीको	जम्मा
योजना संख्या	८	१२	१८६	६५	४४	३१५
जम्मा रकम	५७५०००	२०७९०००	७४७०९४६४	५०३८१०००	१०५१२९२५	२३२८७२३९०

उपर्युक्त विवरणअनुसार नगरपालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । पालिकाले यस वर्ष जम्मा ३१५ वटा योजना संचालन गरेकोमा रु.५ लाख भन्दा मुनिका २०६ वटा योजना छन् जुन कुल योजना संख्याको ६५.४० प्रतिशत हुन आउँछ ।जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने हुँदा पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ **खरिद योजना -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरु योजना तयार गर्नुपर्ने र नियम ८ अनुसार वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनु पर्ने व्यवस्था छ ।तर पालिकाले वार्षिक खरिद योजना तयार नगरी खरिद कार्य गर्ने गरेको छ । जसले गर्दा ठेक्का व्यवस्थापन नहुने, उपयुक्त समयमा गुणस्तरीय वस्तु तथा सेवा प्राप्ति नहुने, समयमा नै निर्माण कार्य सम्पन्न नहुने र पूँजीगत खर्च पनि वर्षान्तमा अत्याधिक पुगेको देखिन्छ । अतः वार्षिक खरिद योजना तयार गरी खरिद कार्य गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१९ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ।

सैद्धान्तिक बेरुजु

२० **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल बमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन ।

• पालिकाले एक आर्थिक वर्ष मित्र भएको आर्थिक कारोवारको अनुसूची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नेमा पालिकालेल साउनमा मात्र ट्रान्सफर गरेको छ ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन ।

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहेको पाइयो ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाइयो ।

• वडा कार्यालयमा रहेका जिन्सी सामान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन ।

• साना तथा ठूला सबै निर्माण कार्यको नापी किताब कम्प्यूटरबाट तयार गरिएको लुजशिटमा भरी भुक्तानीको लेखासाथ राख्ने गरेको छ । कतिपय निर्माण कार्यलाई थप निरन्तरता दिन वा अन्य कारणले पछि पनि पुनरावलोकन गर्न पर्ने भएकोले आवश्यक परेको समयमा उपलब्ध हुन सक्ने गरी संस्थागत स्मृतिको लागि डिजिटलाईज गरी वा अन्य तवरले सुरक्षित राख्न आवश्यक देखिन्छ ।

• कतिपय सड्क तथा कुलो/नहर निर्माण तथा मर्मतमा सो स्थानको चेनेज नं. उल्लेख गर्ने नगरेबाट एकै कार्यको लागि दोहोरो भुक्तानी हुन सक्ने र निर्माणस्थलको अनुगमन निरीक्षणमा द्विविधा हुने भएकोले जुनसुकै समयमा पनि निर्माणस्थलको पहिचान हुने गरी चेनेज लगायतका संकेतहरूलाई अनिवार्य गर्नुपर्दछ ।

• जुनसुकै निर्माणकार्य, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले निर्माण तथा सेवा सम्बन्धी कार्यको लागत अनुमान तयार गरेको भए तापनि लागत अनुमान वेगर फर्निचर, कार्यालय सामान, कम्प्यूटर आदि खरिद गरेको देखिन्छ ।

• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टिडिएस नगरेको।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद बील भर्पाइहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय | प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यूनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन ।

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन | लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन ।

• वातावरण संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार नगरेको ।

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन ।

• निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाइएन ।

• पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फयौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साविकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले यकीन गरी अध्यावधिक गरेको छैन ।

• पालिकाले चल अचल सम्पति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था अनुसार पालिकाले सम्पतिको अभिलेख तथा जिन्सी लगत तयार गर्नु पर्ने भनी गत विगतको प्रतिवेदनमा उल्लेख भए पनि सो व्यवस्थाको कार्यान्वयन भएको पाइएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२१ **आन्तरिक लेखापरीक्षण शाखा -** प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ। तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२२ **आन्तरिक लेखापरीक्षण -** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२३ **आर्थिक सहायता -** नगरपालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु.९,९८,८०० आर्थिक सहायता वितरण गरेको छ ।यसरी निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२४ **बेरुजु लगत फारम -** बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको छ। म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म.ले.प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित म. ले. प. फाराम ८०१ बेरुजु लगत, म.ले.प. फाराम ८०२ बेरुजुको कार्यालयगत प्रतिवेदन, म. ले. प. फाराम ८०३ बेरुजुको केन्द्रिय कार्यालयगत लगत, म. ले. प. फाराम ८०४ बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन, म. ले, प. फाराम ८०५ सम्परीक्षण गोश्वारा अभिलेख फाराम राखेका पाइएन । यसमा सुधार हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२५ **म.ले.प. फारमहरूको प्रयोग -** साविकमा रहेका म.ले.प. फारमहरुको सट्टा नयाँ म.ले.प. नम्बरहरु २०७६ अनुसार म.ले.प.फा. नं. ९०१ देखि ९१० आन्तरिक नियन्त्रण प्रणालीसँग सम्बन्धित फारमहरु जस्तै आई.टि. तथा सफ्टवेयरसँग सम्बन्धित अभिलेख, परिवारको दैनिक भ्रमण भत्ता सम्बन्धी अभिलेख, सवारी साधन तथा मेशिन प्रयोगको लगबुक, रसिद नियन्त्रण खाता, भ्रमण प्रतिवेदन, कर्मचारी दस्तखत नमुना अभिलेख आदि म.ले.प. फारमहरु आंशिक रुपमा प्रयोग गरेको देखियो । कार्यालयको कार्यसम्पादनमा मितव्यिता तथा प्रभावकारीता ल्याउन कामको प्रकृतिअनुसार फारमहरूको व्यवस्थित र पूर्ण प्रयोग गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२६ **म.ले.प. फारम -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ (२) मा स्थानिय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने उल्लेख छ। पालिकाले राजस्व आम्दानीतर्फ म.ले.फा.नं १०५ र १०८ नराखेकोले प्रयोग भएका सबै नगदी रसिद पोष्टिङ्ग र कुन कुन समयमा बैंक दाखिला भएको हो यकिन गर्न सकिएन।

सैद्धान्तिक बेरुजु

२७ **कानून र सञ्चालन स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १ वटा नीती, १० वटा ऐन, ३ वटा नियमावली, ३४ वटा कार्यविधि, ६ वटा निर्देशिका र २ वटा मापदण्ड गरी जम्मा ५६ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । तसर्थ, उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२८ **न्यायीक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ५ र यो बर्ष थप भएको ५४ गरी कुल ५९ विवाद तथा उजुरी दर्ता भएकोमा यो वर्ष २७ वटा मात्र फछ्र्यौट भई ३२ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२९ **सेवा प्रवाह सम्बन्धी विवरण -** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयहरुको काम,कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्र भित्रका जनताहरुलाई छिटो, छरितो तथा मितव्ययि तवरले सेवा प्रवाह गरी स्थानिय स्तरमा सुशासनको प्रत्याभूति हुने गरी सेवा प्रवाह गर्नुपर्दछ । उपलब्ध विवरण अनुसार पालिकाले यस आ.व मा प्रदान गरेको सेवा प्रवाहको स्थिती देहायबमोजिम रहेको छ ।

विवरण	**जम्मा संख्या**
स्वीकृत घरनक्सा दर्ता पास	१२१
जन्मदर्ता	१६४२
मृत्युदर्ता	५८०
बसाईसराई दर्ता	७३८
विवाह दर्ता	७५८
सम्बन्धविच्छेद दर्ता	३४
ग्राभेल सडक निर्माण	०

सैद्धान्तिक बेरुजु

३० **दरबन्दी बाहिरको करार कर्मचारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले पल्मबर, माली, वगैचे लगायतको पद् वाहेक इन्जिनियर, सव-इन्जिनियर, अमिन, कानूनी सल्लाहकार लगायत वभिन्न पदमा ५ जना करार नियुक्ति गरी बर्षभरीमा रु.२३,५८,६६३ भुक्तानी गरेको गरेको नियम सम्मत नभएको रु.

अनियमित भएको	२३,५८,६६३

३१ **विविध खर्च -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) अनुसार खर्चको पुष्ट्याइ हुने प्रमाण र कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । वडा कार्यालय बाहेक पालिकाले मात्र यो वर्ष विविध खर्च वापत रु.२९,०८,५७३ खर्च गरेको छ। खर्च गरेको रकमको विल पेश गरेतापनि खर्च गर्नुपर्ने आधार स्पष्ट गर्ने गरेको देखिएन अर्थात गोश्वरा भौचर साथ बिल मात्र राखि बिलकै आधारमा भुक्तानी भएको देखिन्छ । विविध खर्च बापतको यस्तो रकम खाजा, नास्तामा खर्च गरेको र के कस्तो काममा संलग्नलाइ के कति मापदण्डका आधारमा खाजा, नास्ता दिएको हो सो सम्बन्धी प्रयोजन, औचित्यतता र आधार समेत स्पष्ट गरेको देखिएन । आन्तरिक आय रु.३,६३,७५,०४८.५६ को तुलनामा यो खर्च ८ प्रतिशत देखिएकोले यस्तो खर्चको उद्देश्य उपादेयता प्रमाणित नहुने गरी खर्च लेख्ने परिपाटीमा नियन्त्रण हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३२ धरौटी तर्फ

३२.१ **नाम नामेसी नखुलेको धरौटी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६४ मा कार्यालय प्रमुखले आफ्नो कार्यालयको धरौटी खातामा जम्मा भएको कारोबारको लेखा तोकिएको ढाँचामा गोश्वारा खाता र व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । पालिकाले धरौटी खातामा गत विगत वर्षको बैंक स्टेटमेन्ट अनुसार मौज्दात रहेको रु. १,८३,१६,८८९।४० जिम्मेवारी सार्दा व्यक्तिगत धरौटी खाता अनुसार नामनामेसी खुलाई अल्या गर्नुपर्नेमा आंशिक व्यक्ति तथा फर्मको नामनामेसी अल्या गरेको देखिएता पनि नामनामेसी नखुलेको रकम रु. ४५,३३,७५७।५० एकमुष्ट जिम्मेवारी सारेको देखिन्छ । धरौटी अल्या गर्दा नामनमेसी नखुलाई अल्या गरेको धरौटीको सम्वन्धमा एकिन गरी प्रयोजन समाप्त भएको र नामनामेसी नखुलेको धरौटी रकम आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिमको प्रक्रिया पुरा गरी धरौटी रकम सदरस्याहा गर्नुपर्ने देखिन्छ । पालिकाले नामनामेसी नखुलेको रकम रु. ४५,३३,७५७।५० वाट देहायका फर्महरुलाई धरौटी फिर्ता गर्दा सो धरौटी देहायका फर्मको हो होईन, हो भन्ने कुन प्रयोजनको लागि कति हो भन्ने सम्बनधी यकिन गर्ने अवस्था नरहेकोले फिर्ता भएको धरौटी सम्बन्धी पुष्टयाई हुने प्रमाण पेश गर्नुपर्ने रु

गोभौनं मिति	भुक्तानी पाउने	रकम
७-०७९।५।१९	ब्याहुत निर्माण सेवा	६५५०००
८-०७९।५।१९	ग्रिन एण्ड क्लिनसिटि सर्भिस प्रा लि	५००००
१५-०७९।१०।२९	सिद्धगढी ईन्जिनियर्स एण्ड विल्डर्स प्रा लि	४५४८५१

	बर्दिवास नगरपालिका	३५७५००
		१५१७३५१

प्रमाण पेश नगरेको	१५,१७,३५१

३२.२ **धरौटी फिर्ता -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ मा विल विजकको भुक्तानीमा कट्टी गरिएको धरौटी रकम फिर्ता गर्दा कर कार्यालयमा कर विवरण पेश गरेको प्रमाण पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार फर्मलाई धरौटी रकम फिर्ता दिएकोमा उक्त फर्मले मूल्य अभिबृद्धि कर समायोजन गरेको प्रमाण पेश गरेको देखिएन । तसर्थ, मूल्य अभिबृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु.

गो.भौ. नं. र मिति	**फर्मको नाम**	**धरौटी फिर्ता रकम**
१२।२०७९।७।४	देवी विष्ण् कन्स्ट्रक्सन एण्ढ सप्लायर्स प्रा लि	९५४३३०
१२।२०७९।७।४	सिद्धगढी ईन्जिनियर्स एण्ड विल्डर्स प्रा लि	८५८३६
१४।२०७९।०८।१४	नेरीस कन्स्ट्रक्सन कम्पनी प्रा लि	२८२०१६
१९।२०७९।१२।३०	खाडादेवी कन्स्ट्रक्सन कम्पनी प्रा लि	६५०४९६
२२।२०८०।०१।२०	खाडादेवी कन्स्ट्रक्सन कम्पनी प्रा लि	१९४११५
२४।२०८०।१।३१	सिनर्नी ज्ञान ज्योति जे भि	२४०१६९८
जम्मा		४५६८४९१

प्रमाण पेश नगरेको	४५,६८,४९१

३२.३ **ऋणात्मक व्यक्तिगत धरौटी खाता** - पालिकाले गत बर्षको धरौटी मौज्दात रकम अल्या गर्दा व्यक्तिगत धरौटी खाता अनुसार नामनामेसी खुलाई अल्या गर्नुपर्नेमा नामनामेसी नखुलाई एकमुष्ठ धरौटीको मौज्दात अल्या गर्दा निम्नानुसारका विभिन्न व्यक्ति एवं फर्महरुलाई धरौटी फिर्ता गर्दा निजहरुको नाममा रहेको धरौटीको व्यक्तिगत खाता ऋणात्मक देखिएको छ । पालिकाले गत बर्षको मौज्दात नामनामेसी नखुलाई एकमुष्ठ जिम्मेवारी सारेकोले धरौटी रकम फिर्ता गर्दा व्यक्तिगत खातामा धरौटी ऋणात्मक देखिएकोले फिर्ता भएको धरौटी रकम सम्वन्धित फर्म एवं व्यक्तिको भए नभएको एकिन गर्न नसकिने हुँदा धरौटीको व्यक्तिगत र गोश्वरा खाता अद्यावधिक गरी पालिकाले हिसाव मिलान गर्नेतर्फ ध्यान दिनुपर्दछ।

क.स.	**व्यक्ति एवं फर्मको नाम**	**ऋणात्मक रकम**
१	आकृति एडभरटाइजिङ्ग	९५०००
२	बर्दिवास कम्प्यूटर सप्लायर्स	३६०००
३	अविष्कार इनर्जि प्रा लि	४९५००
४	न्यू भवानी ट्रेड कन्सर्न	८५०००
जम्मा		२६५५००

सैद्धान्तिक बेरुजु

३३ आन्तरिक आय तर्फ

३३.१ **लगत अद्यावधिक गरी नराखेको** - पालिकाले राजस्व बक्यौताको अभिलेखहरुको अद्यावधिक गरी राखेको देखिएन । अभिलेख नरहेकोले गत विगतमा के कति राजस्व बक्यौता रहेको विषयमा यकीन हुन सकिएन । पालिकाले गत विगतसहितको राजस्व बक्यौता अभिलेख अद्यावधिक गरी राजस्वको अभिलेख चुस्त दुरुस्त बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३३.२ **राजस्वको अभिलेख** - नगरपालिकाले राजस्व असूलीको लागि सांग्रिला माईक्रोसिस्टम प्रा।लि।ले तयार गरेको सफ्टवेयर प्रयोग गरी राजस्व आम्दानी गर्ने गरेको देखिन्छ । उक्त सफ्टवेयरवाट पालिका र वडा कार्यालयले

संकलन गरेको राजस्वको मात्र अभिलेख देखिने तर उक्त संकलन भएको राजस्व बैंक दाखिला भएको देखिने अभिलेख छैन । जसले गर्दा उक्त सफ्टवेयरमा आम्दानी देखिएको राजस्व बैंक दाखिला भए नभएको एकिन गर्न सकिएन । पालिकाको सूत्रको आय व्यय विवरणमा देखिएको शिर्षकगत राजस्व रकम र राजस्व सम्वन्धी सफ्टवेयरवाट देखिने शिर्षकगत राजस्व रकममा फरक देखिन्छ भने राजस्व सम्वन्धी सफ्टवेयरमा वडा कार्यालय र पालिकाको राजस्व शाखावाट रसिद काटेको। रकमको मात्र आम्दानी देखिने तर अन्य वैक दाखिला भएको राजस्व, अस्पतालले दाखिला गरेको राजस्व, वेरुजु दाखिला रकम, र आय ठेक्कावाट प्राप्त रकम उक्त सफ्टवेयरमा आम्दानी देखिदैन । पालिकाले सम्पुर्ण शिर्षकमा हुने आय रकम पालिकाले संचालन गरेको राजस्व सम्वन्धी सफ्टवेयरमा समावेश गर्ने व्यवस्था मिलाउनुका साथै सफ्टवेयर र सूत्रको आय व्यय विवरणमा देखिएको शिर्षकगत राजस्वमा फरक परेको रकमको सम्वन्धमा एकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३३.३ **आन्तरिक आयको लेखा -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५८ मा राजस्व आम्दानी गर्ने प्रत्येक सार्वजनिक निकायले करदातावाट बैंकमा जम्मा हुन आएको बैंक भौचर र नगद प्राप्त भएको आम्दानी रकमको विवरण छुट्टा छुट्टै खातामा प्रविष्टी गरी महालेखापरीक्षकवाट स्वीकृत ढाँचामा लेखा राख्नु पर्ने उल्लेख छ । त्यस्तै नियमावलीको नियम ५९ मा कार्यालयले नियम ५८ बमोजिम राजस्वको आम्दानी जनाउदा जुनसुकै माध्यमवाट प्राप्त भएतापनी त्यस्तो राजस्व आम्दानी र दाखिला गरी गोश्वारा भौचर तयार गरी दोहोरो लेखा प्रणालीको सिद्धान्त अनुसार राजस्व लेखा अद्यावधिक गर्नुपर्ने उल्लेख छ । पालिकाले सम्वन्धित राजस्व शाखा र बैंक स्टेटमेन्टमा प्राप्त भएको आम्दानीको आधारमा गोश्वरा भौचर तयार गरी सोही बमोजिम आम्दानी जनाउने गरेको देखियो । पालिकाले वडा कार्यालय, राजस्व शाखा र अस्पताल लगायत अन्य श्रोतवाट प्राप्त भएको राजस्वको अद्यावधिक अभिलेख राख्नुपर्नेमा बैंक स्टेटमेन्टको आधारमा आर्थिक वर्षको अन्तमा एकमुष्ठ आम्दानी जानउने गरेको देखियो । जसवाट पालिकाले आम्दानी देखाएको र सम्वन्धित शाखा लगायत वडा कार्यालय र अस्पतालले आम्दानी गरेको र सो रकम दाखिला गरेको यथार्थ छ भन्न सकिने अवस्था देखिएन । पालिकाले जुनसुकै माध्यमवाट प्राप्त भएको राजस्व आम्दानी र दाखिलाको गोश्वरा भौचर तयार गरी दोहोरो लेखा प्रणालीको सिद्धान्त अनुसार राजस्वको लेखा अद्यावधिक गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३४ **कर तथा शुल्क असुली -** स्थानीय सरकार संचालन व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरोटी शुल्क उठाउने व्यवस्था रहेको छ। नगरपालिकाले उपलब्ध गराएको विवरण अनुसार ती शिर्षकहरुमा आय अनुमान र असुलीको स्थिति निम्नानुसार रहेको देखिन्छ ।

क्र.सं.	आय शिर्षक	अनुमान	असुली	प्रतिशत

१	सम्पत्ति कर	7000000	5512290.61	78.75
२	भुमिकर/मालपोत	4000000	2709639.31	67.74
३	घरजग्गा रजिष्ट्रेशनदस्तुर	4000000	600	0.02
४	जग्गा / घर वहाल कर	10000000	12482221.71	124.82
५	वहाल विटौरी कर	50000	500	1.00
६	बाँडफाँड भई प्राप्तदहत्तर बहत्तरको विक्रीबाट प्राप्त हुने रोयल्टी	60000000	26858280	44.76
७	अन्य सेवा शुल्क	1200000	603138	50.26
८	अन्य प्रशासनिक सेवाशुल्क	200000	96380.00	48.19
९	नक्सापास दस्तुर	2000000	1360853.64	68.04
१०	सिफारिश दस्तुर	5000000	5299158.76	105.98
११	व्यक्तिगत घटनादर्ता दस्तुर	300000	601800	200.60
१२	अन्य दस्तुर	200000	1654205	827.10
१३	व्यवसाय रजिष्ट्रेशनदस्तुर	400000	234470	58.62
१४	प्रशासनिक दण्ड,जरिवाना र जफत	500000	1300526.49	260.11
१५	व्यवसाय कर	4000000	2904925	72.62

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ

सैद्धान्तिक बेरुजु

३५ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छः

केन्द्र तथा प्रदेश अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
५२,८४,५२,४२८.१८	३,६३,७५,०४८.६५	६.८८

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ६.८८ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पर्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

३६ नदिजन्य पदार्थ संकलनको आय ठेक्का

३६.१ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) मा गाउँपालिका तथ नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणिय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणिय परिक्षणवाट तोकिएको परिमाणमा ढुङ्गा, गिट्टी, वालुवा एवं माटोजन्य बस्तुको विक्रि गर्न सक्ने व्यवस्था छ । त्यस्तै पालिकाको आर्थिक ऐन, २०७८ को अनुसूची १० मा ढुङ्गा, गिट्टी, वालुवा एवं माटोजन्य बस्तुको रोयल्टी प्रति क्युवि फिट रु। ४ उल्लेख गरेको छ । पालिकाले आफ्नो क्षेत्र भित्र पर्ने रातु नदिको ४ वटा खण्डहरुमा IEE प्रतिवेदन बमोजिम प्रत्येक वर्ष ४ लाख ८६ घन मिटर नदिजन्य पदार्थ उत्खनन तथा संकलन गर्न सकिने उल्लेख छ। रातु नदिको ४ वटा खण्डको विधुतीय बोलपत्र e-biding माध्यम छनौट भएका फर्महरु तोकिएको शर्त समयमै पुरा नगरेको खण्डमा समयमै ठेक्का रद्द गरी फेरी आय ठेक्काको सूचना प्रकाशित गरी ठेक्का लगाउनु पर्नेमा यस सम्बन्धमा कुनै पनि प्रकियानै अगाडी वढाएको देखिएन। नदिको IEE प्रतिवेदनमा उल्लेख भए बमोजिमको परिमाणको नदिजन्य पदार्थ संकलनको आय ठेक्का नलगाएको कारण यस वर्ष आय ठेक्कालाई आधार लिदा न्युनतम रु ७,२२,६२,११०।- आय प्राप्त हुन सकेको देखिएन । पालिकाले आफ्नो क्षेत्रभित्र आय ठेक्का नलगाएको अवस्थामा अमानतवाट आय प्राप्त गरेको नदेखिएको र नदि क्षेत्रका विभिन्न खण्डमा नदिजन्य पदार्थ संकलन भए/नभएको सम्वन्धमा अनुगमन समेत भएको देखिएन । यसरी पालिकाले नदिजन्य पदार्थ संकलनको आय ठेक्का नलगाएको कारण

एकातर्फ पालिकाको आन्तरिक आयमा घटेको दखिन्छ भने अर्कोतर्फ नदिजन्य पदार्थको अवैध संकलन तथा उत्खनन कार्य हुने हुँदा यस सम्वन्धमा सम्वन्धित पदाधिकारी जिम्मेवार हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३६.२ **धरौटी जफत** - पालिकाले नगरपालिकाको रातु खोलाका ४ वटै खण्ड किसाननगर, जुरेटोल, फुलवारी टोल र पथलैयाको ढुङ्गा, गिटी, बालुवा र ग्राभेल उत्खनन, संकलन तथा बिक्रिको आय ठेक्काको लागि रु। ६,८६,०३,७६०- न्युनतम अंक गरी मिति २०७९।४।१७ मा प्रस्ताव आह्वान गरेकोमा देहायका यी ३ फर्महरुलाई e-biding माध्यम वाट रु। ७,२२,६२,११०।- छनौट गरी सम्झोताको लागि मिति २०७९।०६।२५ मा पत्राचार गरेको देखिन्छ । पालिकाले सम्झौताको लागि पठाएको पत्रमा कवोल रकमको ५० प्रतिशत नगद दाखिला गरेको भौचर र बाँकी ५० प्रतिशतले हुने रकमको बैंक ग्यारेन्टी लिएर सम्झौता गर्न आउन उल्लेख गरेको छ। आय ठेक्काको प्रस्तावकर्ता फर्महरुले बैंक ग्यारेन्टी र नगद दाखिला गरेको प्रमाण पेश गरी मिति २०७९।०७।०६ मा सम्झौताको लागि निबेदन दिएको देखिन्छ तर फर्महरुले सम्झौताको लागि तोकिएको रकम मध्ये २ फर्मले नगद नै दाखिला नगरेको र १ फर्म विजय निर्माण सेवाले तोकिएको भन्दा घटी नगद दाखिला गरेकोले सम्झौता गरेको देखिएन ।त्यसपछी विजय निर्माण सेवाले २०७९।०७।०६ मा बैंक ग्यारेन्टी र नगद ९० लाख दाखिला गरेको प्रमाण पेश गरी बाँकी रकम सम्झौता पछी दाखिला गर्ने र बाकी २ फर्महरु मात्र बैंक ग्यारेन्टी पेश गरी नगद रकम सम्झौता पछी दाखिला गर्ने प्रतिवद्दता सहितको निवेदन पेश गरेको र उक्त निवेदनमा हाल सम्म कुनै कार्य नभएकोले ठेक्का सम्झौता गर्ने नगर्ने वा रद्द गर्ने टुङ्गो लगाई दिन अनुरोध गरेको देखिन्छ । राजश्व परामर्श समितिले मिति २०७९।१२।३० मा ठेक्का स्वीकृत भएका फर्महरुले तोकिएको नगद दाखिला नगरेका कारण ठेक्का रद्द गरिएको कारण धरौटी रकम दाखिला गर्न कार्यपालिकामा सिफारिस गरेको देखियो र कार्यपालिकाले २०८०।०१।०८ मा ति सिफारिसलाई लागु गर्न निर्णय गरिएको तर पालिकाले कार्यवन्यन नगरेको देखियो । पालिकाले सम्झौता गर्ने म्याद भित्र सम्झौता गर्न नआउने फर्मको धरौटी जफत गरी उक्त फर्मलाई कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई पत्र पठाई सार्वजनिक खरिद ऐन र नियममा भएको व्यवस्था बमोजिम फेरी आय ठेक्का लगाउनका लागि प्रक्रिया अगाढी बढाउनुपर्नेमा नबढाई तथा यस सम्बन्धमा पालिकाका जिम्मेवार सम्बन्धित पदाधिकारी तथा कर्मचारीले कुनै पनि कार्य गरेको देखिएन । जसवाट आय ठेक्काबाट प्राप्त हुनुपर्ने रु ७,२२,६२,११०। -प्राप्त हुन सकेन । यस सम्बन्धमा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई देहायका फर्महरुले राखेको धरौटी रु। ४२,५८,०००/- जफत गरी संचितकोष दाखिला गर्नुपर्ने र देहायका फर्मलाई कालोसूचीमा राख्न सम्वन्धित निकायमा लेखि पठाउनुपर्ने रु

फर्मको नाम	ठेक्काको नाम	ठेक्का नं	जफत गर्नुपर्ने धरौटी रकम
विजय निर्माण सेवा, महोत्तरी	रातुखोला किसाननगर खण्ड	01/NCM/BM/IR/079/80	१००००००

(पान नं ३००३४२८७३)			
विजय निर्माण सेवा, महोत्तरी (पान नं ३००३४२८७३)	रातुखोला जुरेटोल खण्ड	02/NCM/BM/IR/079/80	९०००००
आदर्श कन्स्ट्रक्सन जनकपुर (पान नं ३०१५२८५४५)	रातुखोला फुलबारी खण्ड	03/NCM/BM/IR/079/80	१५०००००
देव विष्णु कन्स्ट्रक्सन (पान नं ६०६५४९९३६)	रातुखोला फुलबारी खण्ड	04/NCM/BM/IR/079/80	८५८०००
			४२५८०००

असुल गर्नुपर्ने	४२,५८,०००

३६.३ **क्रसर उद्योग स्थापना र संचालन -** ढुङ्गा, गिट्टी र वालुवा उत्खनन, संकलन, क्रसिङ्ग र बिक्रि वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधि, २०७५ को बुदा नं ४ मा क्रसर प्रशोधन उद्योग संचालन गर्न चाहने व्यक्ति वा संस्थाले स्थानीय तहमा सहमतिको लागि दरखास्त दिनुपर्ने र सहमतिको लागि दरखास्त दिँदा तोकिएको मापदण्ड र शर्तहरु पुरा गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सोही कार्यविधिको बुदा नं १२ (३) बमोजिम दर्ता भएको क्रसर उद्योगले सोही कार्यबिधिको बुदा नं १८(१) बमोजिम कच्चा वा प्रशोधित ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान्, दहत्तर बहत्तरको उत्खनन, संकलन र बिक्रि वितरण तथा घाट गद्दीमा भएको मौज्दात सहितको परिमाणात्मक विवरण मासिक रुपमा सम्बन्धित स्थानीय तहमा पेश गर्नुपर्ने व्यवस्था छ। यस पालिका अन्तर्गत २५ वटा क्रसर उद्योग संचालनमा रहेकोमा उक्त उद्योगहरुले कार्यविधिमा तोकिए बमोजिमका मापदण्ड पुरा गरे नगरेको सम्वन्धमा अनुगमन भएको देखिएन भने कच्चा वा प्रशोधित वालुवा, गिट्टी, माटो, चट्टान र दहत्तर बहत्तर संकलन, उत्खनन, बिक्रि वितरण र मौज्दात सहितको परिमाण खुल्ने विवरण मासिक रुपमा स्थानीय तहमा पेश समेत गरेको देखिएन । पालिकाले आफ्नो क्षेत्र भित्र संचालनमा रहेका क्रसर उद्योगको प्रभावकारी रुपमा अनुगमन गरी उक्त उद्योगलाई मासिक रुपमा विवरण पेश गर्न लगाई सार्वजनिक सम्पतिमाथि भई रहेको दोहनलाई नियन्त्रण गर्नुपर्दछ ।

३७ निकासी आयको ठेक्का

३७.१ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२क र ढुङ्गा, गिट्टी तथा वालुवा उत्खनन, विकि तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७७ बमोजिम पालिकाले यस वर्ष नगरपालिकाको नदी खोला र क्रसर उद्योगवाट उत्पादन हुने ढुङ्गा, गिट्टी तथा प्रशोधित वालुवा र ग्राभेल पालिका वाहिर हुने निकासिमा कर शुल्क असूलीको ठेक्का लगाउन e-Bidding मार्फत ठेक्का नं 0५/NCB/Bardibas/207९-८० मिति २०७९।४।१८ मा पहिलो पटक सुचना आह्वान गरेकोमा कुनै बोलपत्र नपरेको देखिन्छ। मिति २०७९।०४।०४ पालिककाले निकासी आयको ठेक्का नलागे सम्म अमानतवाट उठाउने निर्णय गरेकोमा अमानतवाट रु २७८८९३८० उठाएको देखिन्छ। सो शुल्क उठाउन पालिकाले ३० जनालाई दैनिक ज्यालादारीमा राखेको देखिन्छ। पालिकाले राखेको सामान्य रजिष्टरमा ३२५ वटा नगदी रसिद ठेली यी ज्यालादारीहरुलाई वितरण गरेको देखिएकोमा लेखापरीक्षणको क्रममा ५ वटा ठेली पेश नभएकोले ती ठेलीमा कति रकम उठाईएको हो होईन सम्बन्धी यकिन गर्न सकिएन र १७ वटा ठेलीबाट उठाएका रकम देहाका व्यक्तिहरु पालिकाको राजश्व शाखामा नबुझाई आफै संग राखेको देखियो। पालिकाले राजश्व उठाउने जस्ता गम्भीर कार्य ज्यालादारी वाट गराएकोले नियमित भएको हो भने यकिन गर्ने अवस्था रहेन। पालिककाले ज्यालादारीमा राखि राजश्व उठाउन निर्णय गर्ने सम्वन्धित पदाधिकारी र कर्मचारीलाई जिम्मेवार वनाई देहायका ठेली पेश गर्न लगानुपर्छ र आफै संग राखेको रकम देहायका व्यक्तिबाट असुल उपर गर्नुपर्ने रु

क्रस	ठेली बुझनेको नाम	ठेली नं	ठेली संख्या	असुल गर्ने रकम
१	सुदिप थापा	१५४५१-१५५००, १५८०१-१५८५०	२	१९२३००
२	रविन्द्र थापा	७००१-८०००,१२२५१-१०३००,१२९०१-१२९५० १३३०१-१३३५०,१३५०१-१३५५०,१४२०१-१४२५० १४५५१-१४६००,१५२५१-१५३००,१५६५१-१५७०० १५७५१-१५८००, १६१५१-१६२००	११	११०९६००

३	नागेन्द्र महतो	६०१-६५०	१	९७६००
४	सुमन भण्डारी	१६५१-१७००,	२	८९९००
५	अमृत कुमार सिंह	६३०१-६३५०	१	९८३००
६	सुनिल आले मगर	२१५१-२२००	१	९२०००
७	पहलमान खत्री	१२०१-१२५० पेश नभएको	१	
८	जुगल किशोर साह	१०१-१५० पेश नभएको	१	
९	राम एकवाल महतो	४५१-५००,३२०१-३२५० पेश नभएको	२	
१०	सुमन भण्डारी	४९०१-४९५० पेश नभएको		
		जम्मा		१६७९७००

असुल गर्नुपर्ने	१६,७९,७००

३७.२ **मूल्य अभिवृद्धी कर असूल नभएको -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५ (३) मा स्थानीय तहले मूल्य अभिवृद्धि कर लाग्ने बस्तु वा सेवा विक्रि गर्दा १३ प्रतिशत कर असूल गर्नुपर्ने व्यवस्था छ। पालिकाले पालिका बाहिर नदिजन्य पदार्थ निकासिको ठेक्का नलगाएकोमा उक्त निकासिक कर अमानतवाट रु २७८८९३८० मुअकर सहित उठाएकोले १३ प्रतिशतले हुने रु ३६२५६१९४ मूल्य अभिवृद्धि कर रकम सम्वन्धित राजस्व कार्यालयमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्नेमा राजस्व दाखिला गरेको प्रमाण पेश नभएकोले उक्त रकम राजस्व दाखिला गरी प्रमाण पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	३६,२५,६१९

३७.३ **दहत्तर बहत्तर शुल्क बाँडफाट -** मधेश प्रदेशको आर्थिक ऐन, २०७८ को दफा ७ मा गाउँपालिका तथा नगरपालिकाले असूल गरेको दहत्तर बहत्तर शुल्क रकमको ४० प्रतिशत रकम सम्वन्धित पालिकाले प्रदेश संचितकोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकावाट प्राप्त विवरण अनुसार यस वर्ष प्राप्त भएको निकासी कर र विज्ञापन शुल्कको रकम बाँडफाँड गरेकोमा रु ९७,०५,५०४।-प्रदेश संचितकोषमा दाखिला गर्नुपर्नेमा उक्त रकम प्रदेश संचितकोष दाखिला नभई विभाज्यको कोषमा मौज्दात रहेको देखियो । ऐनमा भएको व्यवस्था अनुसार बाँडफाँड भएको रकम प्रदेश संचितिकोषमा दाखिला गर्नुपर्दछ रु

प्रमाण पेश नगरेको	९७,०५,५०४

३८ **सार्वजनिक पोखरी र हाटबजार -** पालिकाले आफ्नो क्षेत्र भित्र रहेका सार्वजनिक पोखरी र हाटबजारहरुको एकिन गरी उक्त पोखरी र हाटबजारहरुको आय ठेक्का लगाई आन्तरिक आयमा बृद्धी गर्नुपर्दछ । यस सम्वन्धमा पालिकासंग सार्वजनिक पोखरी र हाटबजारहरुको विवरण माग गर्दा पालिका क्षेत्रभित्र रहेका सार्वजनिक पोखरी र हाटबजारहरुको अभिलेख नरहेको उल्लेख गरेको छ । अतः पालिकाले आफ्नो क्षेत्र भित्र रहेका सार्वजनिक पोखरी र हाटबजारहरुको विवरण संकलन गरी व्यवस्थित अभिलेख राख्नुका साथै उक्त पोखरी र हाटबजारहरुको आय ठेक्का लगाई आन्तरिक आयमा बृद्धी गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३९ **रसीद नियन्त्रण खाता -** स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरुको नगदी रसिद नियन्त्रण खाता राख्नुपर्दछ। पालिकाले राजस्व असुलीमा प्रयोग हुने रसिद के कति छपाई गर्यो, गत विगतका कति रसिद बाँकी थिए र यो वर्ष कति खर्च भई के-कति आगामी वर्षको लागि जिम्मेवारी सारेको छ तथा कुन शाखा र व्यक्तिलाई के-कति रसिद पठाएको हो सो खुल्ने रसिद नियन्त्रण खाता राख्ने नगरेको अर्थात समान्य अभिलेख राखेकोले राजश्व असुलीमा प्रयोग हुने रसिद उपयुक्त ढङ्गवाट प्रयोग भएको छ भन्न सकिने आधार भएन। रसिदको प्रयोगलाई व्यवस्थित बनाउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

४० **ढिला दाखिला -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५८ मा प्रचलित कानुन बमोजिम प्राप्त हुने राजस्व रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले राजस्वको लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिका अन्तर्गत रहेका विभिन्न वडा कार्यालयलहरुले आम्दानी भएको राजस्व रकम पाक्षिक वा मासिक रुपमा मात्र बैंक दाखिला गर्ने गरेको देखिन्छ । ऐन नियममा भएको व्यवस्था बमोजिम राजस्व आम्दानी रकम समयमै दाखिला गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४१ **सिफारिस संख्या र नगदी रसिद संख्या बिच फरक -** पालिकाको आर्थिक ऐन २०७९ अनुसार सिफारिस प्रकृतिअनुसार विभिन्न दरमा सिफारिस दस्तुर लिने व्यवस्था छ। यो वर्ष कार्यालयबाट प्राप्त विवरण अनुसार वडा तर्फ रु १५३,४१,०३५ र पालिका तर्फ रु १९४,१९,६७३ गरी जम्मा रु ३४७,६०,७०८ राजश्व असुल गरेको छ । लेखापरीक्षणको क्रममा वडाहरुले राखेको चलानी किताबमा सिफारिसको संख्या र नगदि रसिद काटेको संख्यामा ठूलो परिमाणमा फरक देखिएकोले पालिका तथा राजश्व शाखाले थप बिश्लेषण गरी वडा कार्यालयले दस्तुर लाग्ने सिफारिस वापत दस्तुर लिईएको हो होईन सम्वन्धी यकिन गर्नुपर्ने अवस्था रहेको छ।

वडा नं	चलानी किताबमा सिफारिसको संख्या	नगदी रसिदको संख्या	फरक संख्या
१	२९१३	९५८	१९५५
२	१६०४	१२४६	३५८
३	२१६८	९३६	१२३२
४	१३३६	७०२	६३४
५	१९२४	१०५९	८६५
६	१९७५	१९५८	१७
७	१४३४	११४८	२८६
८	२३३९	९७६	१३६३
९	१९८४	१४१८	५६६
१०	१२३८	८५३	३८५
११	१४८५	६२६	८५९

१२	१३००	५१३	७८७
१३	१७६४	५८७	११७७
१४	२३९७	१६९६	७०१
जम्मा			१११८५

सैद्धान्तिक बेरुजु

४२ **अमानतबाट कार्य -** सार्वजनिक खरिद ऐन तथा नियमावलीले खरिद विधिमा खुला प्रतिस्पर्धाद्वारा उपभोक्ता समिति मार्फत, अमानतबाट निर्माण कार्य, गैर सरकारी संस्था मार्फत कार्य गराउन सक्ने प्रावधान छ। यसै ऐनको दफा ४५ मा समान्य प्रकृतिको मर्मत सम्भार कार्य अमानतबाट गराउन सकिने र यसै नियमावली २०६४ को नियम ९८ अनुसार अमानतबाट कार्य गराउँदा १ तह माथि अधिकारीको पूर्व स्वीकृती लिनुपर्ने, अमानतबाट कार्य गराउन निर्माण समाग्री ऐन नियमावलीको प्रक्रिया बमोजिम खरिद गरी ज्यालामा काम लगाउनु पर्ने उल्लेख छ। यस पालिकाले समान्य प्रकृतिको मर्मत सम्भार कार्य व्यक्तिलाई कार्यदेश दिई गरेको छ। ऐन नियमावलीको प्रावधान विपरीत एक तह माथिको स्वीकृती नलिई, लागत अनुमान नबनाई तथा प्राविधिक मुल्याङ्कन वेगर मर्मत सम्भारमा लाग्ने मालसमान समेत स्वयम् व्यक्तिले खरिद गर्ने गरी मर्मत कार्यको कार्यदेश दिएकोले ऐन नियमको प्रावधान विपरीत कार्य गराएकोले व्यक्तिलाई कार्यदेश दिई कार्य गराउने काम नियन्त्रण गरी ऐन नियमको पालना गर्नुपर्ने रु

गो.भौ.नं. मिति	विवरण	भुक्तानी पाउने	रकम
७-०७९।६।११	वि पी राजमार्ग छेउमा नाला सरसफाई वडा नं १	विष्णु प्रसाद दुङ्गेल	१०००००
७-०७९।६।११	सिन्धुली जाने बाटोमा नाला सरसफाई वडा नं १	सन्तोष पहाडी	१०००००
७-०७९।६।११	सिन्धुली जाने बाटोमा नाला सरसफाई वडा नं १	सिताराम पोखरेल	१०००००

८-०७९।६।११	पूर्वपश्चिम राजमार्ग पट्टीको नाला सरसफाई वडा १४	सुरिन्दर साह	१०००००
८-०७९।६।११	पूर्वपश्चिम राजमार्ग पट्टीको नाला सरसफाई वडा १४	रामबावु प्रसाद सिंह	१०००००
	जम्मा		५०००००

अनियमित भएको	५,००,०००

४३ **सवारी साधन,मेशिनरी औजार मर्मत तथा सम्भार खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । मर्मत खर्च लेखेका सामानहरुमा डेक्सटप, कम्प्युटर, ल्यापटप, प्रिन्टर, चार्जर, माउसका साथै मेशीनरी औजार र सवारी साधनहरु रहेका छन।कार्यालयले सवारी साधन तथा औजार सामाग्री मर्मतको स्थायी अभिलेख र लगसिट तयार नगरेको एवंम् व्यक्तिको नाममा समेत मर्मत तथा सम्भार बापत भुक्तानी दिएको हुँदा मर्मत खर्च यथार्थ हो भन्नेमा विश्वत हुन सकिएन।मेशिन औजार मर्मतको अभिलेख खाता नराख्दा गत आ.व. मा भएको खर्च संग तुलना गरी भिडाउने आधार देखिएन। सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत गराई खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ ।नगरपालिकाले मर्मत खर्च भुक्तानी गर्दा म.ले.फा.नं ४१५ व्यवस्थित तवरले तयार नगरी सवारी साधन मर्मत तर्फ रु.४४९२५९९ र मेशिनरी औजार मर्मत तथा सम्भार खर्च तर्फ रु.११६९११० खर्च लेखेको छ ।सवारी साधनहरुको मर्मत सम्भार खर्च लेख्दा लाभ लागत विश्लेषण गरेको देखिएन ।अतः नियमको पालना गरी खर्च व्यवस्थित गर्नेतर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

४४ **अनुगमन खर्च -** ६९८-२०८०।०३।१८ विभिन्न योजनाहरुको अनुगमन गरेवापत सवारी साधन भाडा रु.६५०० ,विविध खर्च रु.४७२५० तथा अनुगमन भत्ता रु.१५६००० गरी जम्मा रु.२६८२५० खर्च लेखेकोमा योजनाहरुको स्थलगत अनुगमन गरी प्रतिवेदन पेश गर्नुमा पालिकाका योजनाहरुको लगत तयारी गरी भुक्तानी लिएकोले अनियमित देखिएको रु.

अनियमित भएको	२,६८,२५०

४५ कर्मचारी व्यवस्था

४५.१ **करार सेवा शुल्क -** स्थानिय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८३ मा स्थानिय तहले स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारमा लिने कर्मचारीको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेत विश्लेषण गरी दरवन्दी प्रस्ताव गर्नुपर्ने र यस्तो दरवन्दीको व्यवस्थापन सर्वेक्षण गरी सभाबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ ।यस वर्ष पालिकाले वडामा ३४ जना, पालिकातर्फ २२ जना ,सेवा परामर्शमा ३ जना, कर संकलनतर्फ ३० जना, नगर प्रहरी तर्फ १० जना करार तथा ज्यालादारीमा नियुक्ती गरी करार तथा ज्यालादारी तलब खर्च शिर्षक र सेवा परामर्शमा गरी जम्मा रु.३४९४७४६४ खर्च लेखेको छ ।त्यसैगरी सोही ऐनको दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, कार्यालय सहयोगी, पलम्वर, इलेक्ट्रिसियन, चौकिदार, मालि तथा बगैचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ ।तर पालिकाले माथि उल्लेखित पद बाहेक अन्य पदमा समेत करारमा नियुक्ती गरी पारिश्रमिक भुक्तानी दिएको देखिएकोले पालिकाले प्रचलित कानून विपरी कर्मचारी नियुक्ती गरी आर्थिक व्ययभार वृद्धि गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४५.२ **तलबी प्रतिवेदन -** स्थानिय सरकार सञ्चालन ऐन,२०७४ बमोजिम स्थानिय तह अन्तर्गतका कर्मचारीहरुको वार्षिक तलवी प्रतिवेदन आन्तरिक लेखापरीक्षकबाट र निजामती कर्मचारीको तलबी प्रतिवेदन निजामती सेवा ऐन,२०४९ को दफा ७ ख(२) बमोजिम जिल्ला स्थित कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट पारित गराई तलब खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ ।यस वर्ष पालिकाले सम्पूर्ण स्थायी कर्मचारीहरुको तलबी प्रतिवेदन पारित नगराई आंशिक कर्मचारीहरुकोमात्र तलबी प्रतिवेदन पारित गरी कर्मचारी पारिश्रमिक रु.२९५१४१३७ खर्च गरेको छ ।यसरी सम्पूर्ण कर्मचारीहरुको तलवी प्रतिवेदन पारित नगराई खर्च गर्दा तलब भत्ता तथा ग्रेडको सम्बन्धमा एकिन गर्न सकिएन ।कानुन अनुकुल तलबी प्रतिवेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४६ **सोझै खरिद -** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुनेगरी खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावलीको नियम ८५ मा एक आर्थिक वर्षमा एकै पटक वा पटकपटक गरी सो उपनियमहरुमा उल्लेखित सीमा भन्दा बढी रकमको सोझै खरिद गर्न नसक्ने व्यवस्था छ।पालिकाले यो बर्ष मसलन्द तथा कार्यालय सामाग्री अन्तर्गत विभिन्न सामाग्रीहरु सोझै खरिद गरी रु.४७१०४३१ खर्च लेखेको ।पालिकाले वार्षिक रुपमा आवश्यक सामाग्रीहरुको यथार्थ अनुमान तथा वार्षिक खरिद योजना निर्माण गरी प्रतिस्पर्धात्मक विधीबाट खरिद गर्नुपर्नेमा विभिन्न आपूर्तिकर्ताहरुबाट टुक्रा-टुक्रा पारी प्रतिस्पर्धात्मक वेगर सोझै खरिद गरेकोले खरिद प्रक्रिया नियम सम्मत नदेखिएको रु

सोझै खरिदका केहि नमूनाहरु तपशिल बमोजिम रहेका छन्

गो.भौ.नं. मिति	आपूर्तिकर्ता	विवरण	रकम
२०७-२०७९।०७।२२	संजय जेनरल सप्लायर्स	मसलन्द तथा कार्यालय सामाग्री	९९८१२९
७५७-२०८०।०३।२४	सचिन जेनरल स्टोर्स सप्लायर्स	मसलन्द तथा कार्यालय सामाग्री	८१९७५८
५०९-२०८०।०१।१०	चौधरी सप्लायर्स	मसलन्द तथा कार्यालय सामाग्री	९४६१६
		अनियमित भएको	४७,१०,४३१

४७ **जिन्सी निरीक्षण -** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ९९ सोही नियमावलीको नियम ९४,९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राखुपर्ने,सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाले आ.व २०७९।०८० को जिन्सी निरीक्षण गरी प्रतिवेदन पेश गरे तापनि उक्त नियमावलीमा उल्लेख भए बमोजिम मर्मत तथा लिलामी गरेको पाइएन । पालिकाले जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका जिन्सी सामानहरुको मर्मत तथा लिलामी तोकिएको समयमा नै सम्पन्न गरी सार्वजनिक सम्पत्तीको संरक्षण र व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४८ **घर भाडा -** सार्वजनिक खरिद नियमावलीको नियमावलीको नियम ९४ मा घरजग्गा भाडामा लिने सम्बन्धी व्यवस्था रहेको छ ।उक्त नियम अनुसार घरजग्गा भाडामा लिने सार्वजनिक निकायले नियम ९४ को उपनियम २(१) बमोजिमका कुराहरु खुलाइ सात दिनको सूचना टास गर्ने उक्त अवधिभित्र पर्न आएका प्रस्तावहरुलाई जिल्ला घरभाडा निर्धारण समितीमा पेश गरी निर्धारण समितीले निर्धारण गरे बमोजिमको दरमा घरजग्गा धनीसँग सम्झौता गरी भाडामा लिनुपर्ने हुन्छ।पालिकाले सो बमोजिम नगरी वडा कार्यालय,नगर कार्यपालिका तथा डाक्टर आवास सुविधा लगायतको कामकाजको लागि सोझै विभिन्न व्यक्तिहरुसँग घरभाडा सम्बन्धी

सम्झौता गरी घरभाडा रु.४६९२००७ खर्च लेखेको छ ।पालिकाले प्रचलित नियमको परिपालना गरी सार्वजनिक खर्चलाई नियमसम्मत बनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४९ **फरक शिर्षकबाट भुक्तानी -** आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३८ अनुसार विनियोजन भएको खर्च शिर्षक र उपशिर्षक फरक नपारी खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा निम्न गो.भौ.न र मितिमा कार्यालय शिर्षक फरक पारी खर्च लेखेको रकम नियमित नभएको रु.

गो.भौ.नं मिति	भुक्तानी हुनुपर्ने शिर्षक	भुक्तानी भएको शिर्षक	रकम
१६६-२०७९।०७।०२	मेशीनरी तथा औजार	इन्धन अन्य प्रयोजन(ब्याट्री खरिद)	७२९९९
२०५-२०७९।०७।२२	मेशीनरी तथा औजार	इन्धन अन्य प्रयोजन(ब्याट्री खरिद)	७२९९९
२४३-२०७९।०८।१४	मेशीनरी तथा औजार	इन्धन अन्य प्रयोजन(ब्याट्री खरिद)	१४५००
५१४-२०८०।०१।११	मेशीनरी तथा औजार	इन्धन अन्य प्रयोजन(ब्याट्री खरिद)	७२०००
जम्मा रु			२३२४९८

अनियमित भएको	२,३२,४९८

५० **पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रु ५ लाख रुपैंयासम्मको निर्माण कार्य, मालसमान र परामर्श सेवा सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै नियम ८५ अनुसार एक आर्थिक बर्षमा एकै फर्म वा व्यवसायी वा संस्थाबाट ५ लाख भन्दा बढीको सामान सोझै खरिद गर्न नहुने व्यवस्था छ । तर पालिकाले यस बर्ष पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनमा सोझै खरिद मार्फत रु.२४८४०९५ खर्च गरेको छ । यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार गर्दै सिलबन्दी बोलपत्र वा दरभाउपत्रको माध्यमद्वारा प्रतिस्पर्धात्मक विधिबाट खरिद गरिनुपर्दछ ।पालिकाले भुक्तानी दिएका अधिकांश पत्रपत्रिकाले सूचना प्रकाशनको स्पेशिफिकेशन नखुलाई एकमुष्ट बील जारी गरी भुक्तानी लिएको पाइयो । यसरी भुक्तानी दिदा प्रथम पृष्ठ,भित्री पृष्ठ र अन्तिम पृष्ठ, प्रति शब्द ,रंगीन वा स्यामस्वेत र के कति सीसीमा सूचना प्रकाशन गरेको जस्ता स्पेशिफिकेशनहरुलाई ध्यान दिनुपर्दछ । साथै सूचना प्रविधीको वर्तमान युगमा प्रचलित कानून बमोजिम पत्रपत्रिकामा प्रकाशित गर्नुपर्ने सूचनाहरु बाहेक अन्य शुभकामना तथा जनचेतनामूलक

सन्देशहरु कार्यालयको वेभसाइट, फेसबुक पेज ,SMS लगायतका सामाजिक सञ्चालहरुबाट सम्प्रेषण गरी सार्वजनिक खर्चमा मितव्ययिता हासिल गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५१ **बिज्ञापन कर -** नगरपालिकाको आर्थिक ऐन, २०७८ को दफा ८ मा पालिका क्षेत्रभित्र हुने बिज्ञापनमा अनुसूची ६ बमोजिमको बिज्ञापन कर लगाईने र असूल गरिने उल्लेख छ । पालिकाले आर्थिक ऐनमा भएको व्यस्था बमोजिम बिज्ञापन कर असूलीको लागि ठेक्का आह्वान गरेता पनि कुनै फर्मले ठेक्काको लागि आवेदन पेश नगरेकोले ठेक्का सम्झौता भएको देखिएन । तर नगरपालिका अन्तर्गतको बिभिन्न वजार क्षेत्रको बिभिन्न स्थानमा होर्डिङ वोर्ड, फ्लेक्स प्रिन्ट लगायतका माध्यमवाट आफ्नो व्यवसायिक कारोवारको प्रचार प्रसार गरेको देखिन्छ । पालिकाले आफ्नो क्षेत्रभित्र बिज्ञापनको लागि राखिने होडिङ बोर्ड, साईन बोर्ड, व्यानर, ट्राई भिजन बोर्ड, ग्लो बोर्ड, स्टल, डिजिटल बोर्ड र विद्युतीय तरङ्गको प्रयोग गरी गरिएको प्रचारको लागी राखिने बस्तु वा सामग्रीको सम्वन्धमा अनुगमन गरि बिज्ञापन कर असूल गरी पालिकाको आन्तरिक आम्दानी वढाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५२ **घर बहाल कर -** नगरपालिकाको आर्थिक ऐन, २०७८ को दफा ४ मा पालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूची ३ बमोजिम घर जग्गा बहाल कर लगाईने र असूल गरिने उल्लेख छ । पालिकामा संचालनमा रहेको स्थानीय तहको राजस्व आम्दानीको प्रणालीवाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९।८० मा २७५ घर तथा जग्गा धनिले बहाल कर वापत रु।१,२४,८२,२२१- कर तिरेको देखिन्छ । पालिकाले असूल गर्न बाँकी बहाल कर असूल गर्नुका साथै घर धनिले एक पटक घोषणा गरेको घर बहाललाई न्युनतम बहाल कायम गरी सोही बमोजिम पछिल्ला आर्थिक वर्षमा समेत घर बहाल कर असूल गर्ने तर्फ ध्यान दिनुपर्दछ । त्यस्तै पालिकाले आर्थिक ऐनमा भएको व्यवस्था बमोजिम बिभिन्न व्यक्तिले पोखरी बहालमा दिएको सम्बन्धमा कुनै पनि अभिलेख राखेको नदेखिएकोले आफ्नो क्षेत्र भित्र रहेका सार्वजनिक र व्यक्तिगत पोखरी विवरण एकिन गरी अभिलेख राख्नुका साथै सार्वजनिक पोखरीको आय ठेक्का मार्फत आम्दानी र व्यक्तिगत पोखरीको हकमा बहाल दिएको अवस्थामा बहाल कर असूल गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५३ **व्यवसायि कर -** नगरपालिकाको आर्थिक ऐन, २०७८ को दफा **५** मा पालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजिगत लगानी र आर्थिक कारोवारको आधारमा अनुसूची ४ बमोजिम व्यवसाय कर लगाई असूल गरिने उल्लेख छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार व्यवसायिक रुपमा कारोवार गर्ने संख्या २१४६ रहेकोमा यस आर्थिक वर्षमा जम्मा **५१५** करदाताले नविकरण गरी व्यवसायिक कर वापत रु.२९,०४,९२५।— राजस्व तिरेको देखिन्छ । पालिकाले आफ्नो क्षेत्र भित्र रहेका २१४६ करदाता मध्ये

५.१५ करदाताले व्यवसायिक कर तिरेको देखिएकोमा बाँकी करदाताले तिर्नुपर्ने कर रकमको अद्यावधिक अभिलेख राखेको देखिएन । पालिकाले संचालन गरेको स्थानीय तहको राजस्व आम्दानी सम्वन्धी प्रणालीमा आफ्नो क्षेत्र भित्रका दर्ता भएको कुल व्यवसायिक करदाता मध्ये कर तिरेको व्यवसायी र कर तिर्न बाँकी रहेको व्यवसायीको संख्या र उक्त व्यवसायीले तिर्न बाँकी रहेको कर रकम देखिने गरी अभिलेख राख्नेतर्फ ध्यान दिनुपर्दछ ।

	सैद्धान्तिक बेरुजु

५४ **सम्पति कर-** नगरपालिकाको आर्थिक ऐन, २०७८ को दफा २ मा नगरपालिका क्षेत्र भित्र अनुसूची १ बमोजिम घर जग्गा कर/ सम्पति कर लगाईने र असूल गरिने व्यवस्था छ । पालिकावाट प्राप्त विवरण अनुसार यस वर्ष सम्पति कर वापत रु. ५५,१२,२९०।६१- असूल भएको देखिन्छ । पालिकाले जग्गाको सम्वन्धमा जग्गा रहेको क्षेत्र अनुसार क्षेत्रफल बमोजिमको जग्गाको मुल्याङ्कन गर्ने गरेको भएता पनि घरको मुल्याङ्कनको सम्वन्धमा घरको क्षेत्रफल र घरको वनावटको प्रकारको आधारमा घरको न्युनतम मुल्याङ्कन कायम गर्ने सम्वन्धि मापदण्ड तयार गरेको देखिएन जसको कारणले वडा कार्यालयले घर जग्गा खरिद बिक्री प्रयोजनको लागि गरेको सिफारिसमा घरको क्षेत्रफल र प्रकार उल्लेख नगरी घरको एकमुष्ठ मूल्य उल्लेख गरी सिफारिस गर्ने गरेको देखिन्छ । पालिकाले घरको न्युनतम मूल्य कायम गर्ने सम्वन्धमा निश्चित मापदण्ड वनाई घरको बास्तविक मूल्य कायम गरी सोही बमोजिम सम्पति कर र घर जग्गा खरिदको लागि वडा कार्यालयले गर्ने सिफारिसमा एकरुपता कायम गर्नुपर्दछ ।

	सैद्धान्तिक बेरुजु

५५ **मूल्य अभिवृद्धि कर**

५५.१ कार्यालयका कम्प्युटर, प्रिन्टर लगायतका उपकरण मर्मत गरेवापत न्यू एरा कम्प्यूटर (३००६२२४५६) लाई मासिक रु.१७००० का दरले मिति २०७९।०६।०१ देखि २०८० मसान्तसम्म सेवा उपलब्ध गराउने सम्झौता भएकोमा उक्त फर्मले पालिकामा मर्मत तथा सम्भार सेवा उपलब्ध गराएबापत विभिन्न मितिमा मू.अ.कर बिजक जारी नगरी भुक्तानी लिएको देखिएकोले सम्झौता अवधिमा भुक्तानी भएको रु.१७०००० मा १३ प्रतिशतले हुने रु.२२१०० मू.अ.कर असूलउपर गर्नुपर्ने रु.

	असुल गर्नुपर्ने	२२,१००

५५.२ बर्दिबास नगरपालिका अन्तर्गत उत्पादन तथा निस्कने फोहोरमैला संकलन तथा व्यवस्थापनको लागि बर्दिबास नगरपालिका र हिटा हेभि मेशीनरी एण्ड रिसाईकल प्रा.लि (६०६८१००५८) काठमाण्डौ बिच विगतका आ.व मा नै सम्झौता भएको देखिन्छ ।उक्त सम्झौता अनुसार सम्झौता भएको मितिले ६ महिनासम्म फोहर संकलन तथा व्यवस्थापन गरे बापत नगरपालिकाले हिटा हेभि मेशिनरी एण्ड रिसाइकल प्रा.लि लाई मासिक रु.८५००० उपलब्ध गराउने र सो ६ महिना भित्र बर्दिबास नगरपालिकाले वडा नं ८ स्थित कृषि कार्यक्रमको तीन बिगाहा

जग्गामा फोहोरमैला स्रोत परिचालन स्थल निर्माण गरी उपलब्ध गराउने र सो पश्चात मासिक रुपमा उपलब्ध गराउदै आएको फोहोरमैला शुल्क वापतको रकम उपलब्ध नगराउने शर्त रहेकोमा हालसम्म फोहोरमैला स्रोत परिचालन स्थल निर्माण भइनसकेको र बजार तथा आवासिय क्षेत्रबाट उठेको फोहोरमैला शुल्कबाट सरसफाईकर्मिलाई दिनुपर्ने मासिक ज्याला भुक्तानी दिन नपुग रहेको कारण जनाउँदै मासिक रु.८५००० का दरले भुक्तानी दिदै आएको देखिन्छ ।यस सम्बन्धमा थप व्यहोराहरु निम्नानुसार रहेका छन् ।

कः पालिकाले फोहोरमैला स्रोत परिचालन स्थल निर्माणमा शिघ्रता दिई फोहोरमैलाको दिगो व्यवस्थापन गरी पालिकालाई थप आर्थिक व्ययभार पार्ने कामलाई नियन्त्रण गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

खः हिटा हेभि मेशीनरी एण्ड रिसाईकल प्रा.लि लाई यस आ.व मा रु.८५०००० भुक्तानी गरेकोमा उक्त कम्पनीले भ्याट बील जारी गरेको नदेखिएकोले भुक्तानी भएको रु.८५०००० को १३ प्रतिशतले हुने मू.अ.कर असुलउपर गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१,१०,५००

५६ इन्धन खर्च

५६.१ **इन्धन पदाधिकारी -** यस गरपालिकाका प्रमुख तथा उप-प्रमुखले सवारीसाधन र अन्य पदाधिकारीहरुले यातायात सुविधा बापतको रकम लिएको देखियो । स्थानिय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन,२०७७ अनुसार नगरपालिकाका प्रमुख तथा उप-प्रमखुले मासिक १२५ लि. इन्धन र चौमासिक १० लि.मोबिल पाउने व्यवस्था रहेको छ । उक्त ऐन अनुसार प्रमुख तथा उप-प्रमुखले वार्षिक ३००० लि. इन्धन र ६० लि. मोबिल खर्च गर्न पाउने देखिन्छ। मापदण्ड अनुसार खपत गर्न पाउने इन्धनको प्रचलित औसत बजार दर (३०००*१७३)= रु.५१९००० तथा मोबिलको प्रचलित औसत बजार दर (६०*४७५)= रु.२८५०० गरी जम्मा रु.५४७५०० हुन आउँछ । नगरपालिकाले इन्धन पदाधिकारीमा वार्षिक रु.२३९२९९१.०० खर्च गरेको छ । यसरी मापदण्ड भन्दा बढि खर्च गरेकोले अनियमित देखिएको रु.

अनियमित भएको	१८,४५,४९१

५६.२ **इन्धन कार्यालय तथा अन्य प्रयोजन -** नगरपालिकाले यस वर्ष इन्धन कार्यालय प्रयोजन तर्फ रु.४०४५३४३.०० तथा इन्धन अन्य प्रयोजनमा रु.३५६०४२.०० गरी जम्मा रु.४४०१३८५.०० खर्च गरेकोमा सवारी प्रयोगकर्ताको गन्तब्य स्थान, दुरी, समय र इन्धन खपत बीच सामजस्यता हुने गरी व्यवस्थित तवरले सवारी लगबुक राख्नुपर्नेमा राखेको पाइएन । जसले गर्दा इन्धन खर्च मितव्ययी तरिकाले भएको छ भनी एकिन हुन सक्दैन । तसर्थ इन्धन खर्च पुष्टी हुने लगवुक राखी मितव्ययी तरिकाले इन्धन खर्च लेख्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५७ **वडा संचालन खर्च -** पालिकाले यस वर्ष वडा संचालन खर्च बापत विभिन्न शिर्षकहरु जस्तै खाजा,नास्ता, इन्धन, मसलन्द तथा कार्यालय सामाग्री जस्ता शिर्षकमा रु.३२८६५०५ खर्च गरेको छ ।यस्तो खर्च वडा सचिवहरुले बील पेश गरेकै आधारमा उनीहरुको नाममा भुक्तानी भएको देखिन्छ ।तसर्थ यस किसिमका खर्चमा के कस्तो कामका लागि कति खर्च गर्ने,विविध प्रकृतिका खर्चहरुलाई कसरी कम गर्न सकिन्छ भन्ने विषयमा उचित मापदण्ड अपनाइ नियन्त्रण गर्नुपर्दछ ।पालिकाले वडाहरुमा शिर्षक अनुसार बजेट विनियोजन नगरी एकमुष्ट वडा संचालन खर्च शिर्षकमा बजेट विनियोजन गरी खर्च लेखेको छ यसबाट कुन शिर्षकमा कति र स्वीकृत बजेटको सीमा भित्र रहेर खर्च भयो कि भएन भनेर यथार्थ मूल्यांकन गर्न नसकिने हुँदा नेपाल सरकारको आर्थिक संकेत,वर्गीकरण र व्याख्या बमोजिम बजेट विनियोजन र खर्च लेख्नु पर्दछ छ । साथै वडाहरु र कार्यालयलाई वार्षिक रुपमा आवश्यक पर्ने मसलन्द तथा कार्यालय सामाग्रीहरुको अनुमान गरी खुल्ला प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्ने र खरिद भएका सामाग्रीहरुलाई PAMS प्रविष्ट गरी प्रत्येक वडाहरुमा हस्तान्तरण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५८ **मुल जिन्सी खातामा आम्दानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को दफा ९५ अनुसार कार्यालयले खरिद गरी वा कुनै प्रकारले हस्तान्तरण भई प्राप्त हुन आएका सम्पत्ती तथा जिन्सी मालसामानको विवरण मूल्य समेत खुलाई जिन्सी किताबमा सात दिन भित्र आम्दानी बाँधी लगत अधाविधक गर्नुपर्ने व्यवस्था छ।पालिकाको जिन्सी हिसाव तथा श्रेस्ता राख्नको लागि महालेखा नियन्त्रक कार्यालयले मिति २०७७।४।१ देखि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली PAMS लागू गरेकोमा यस पालिकाले PAMS को प्रयोग गरेको अवस्थामा खरिद भएका निम्न सामाग्रीहरुको नियम कानूनअनुसार एउटै जिन्सी मूल आम्दानी बाँध्नु पर्नेमा सो नगरेको तथा शाखागत रुपमा जिन्सी श्रेस्ता राखेको लाई अनिवार्य रुपमा मुल जिन्सी आम्दानी बाँधेर मात्र यस्तो खर्च लेख्नु पर्नेमा नगरेकोले PAMS मा दाखिला गर्नुपर्ने रु

गोभौनं	भुक्तानी पाउने	समाग्री	रकम	कैफियत
२	न्यु एरा कम्प्युटर	प्रिन्टर १ मोबाईल १	७००००	कृषि शाखामा दाखिला
३	प्रतिक भाडापसल एण्ड गिफ्ट हाउस	मसलन्द सामाग्री	१८३८०	कृषि शाखामा दाखिला

८	कल्पेश्वर भेट फर्म	जै घासविउ ३७०० केजी प्लास्टिकझोला १२ केजी	३०००००	लाभग्राही छनौटको आधार नदेखिएको
१८	पशुपति दाहाल	भेटनरी सम्वन्धी औषधी खरिद	१५५०००	सम्वन्धित फर्मलाई भुक्तानी नगरी शाखा प्रमुखले आफ्नै नाम भुक्तानी लिएको
२६	कल्पेश्वर भेट फर्म	टियोसन्टी घासविउ १९७५ केजी प्लास्टिकझोला ११ केजी	३०००००	लाभग्राही छनौटको आधार नदेखिएको
५३	मोहन कुमार खडका	फ्रिज थान १ र मसलन्द सामग्री	५२२४०	सम्वन्धित फर्मलाई भुक्तानी नगरी शाखा प्रमुखले आफ्नै नाम भुक्तानी लिएको
५७	मोहन कुमार खडका	शिविर संचालन वापत औषधी खरिद	३२००००	सम्वन्धित फर्मलाई भुक्तानी नगरी शाखा प्रमुखले आफ्नै नाम भुक्तानी लिएको
११	मोहन कुमार खडका	भेटनरी सम्वन्धी औषधी खरिद	५००००	सम्वन्धित फर्मलाई भुक्तानी नगरी शाखा प्रमुखले आफ्नै नाम भुक्तानी लिएको
७	पशुपति दाहाल	पशु कार्यक्रमका लागि औषधी खरिद	१७००००	लागत अनुमान नबनाई कार्यक्रम संचालन
७	पशुपति दाहाल	परजिवी नियन्ण कार्यक्रमका लागि औषधी खरिद	३७५०००	लागत अनुमान नबनाई कार्यक्रम संचालन
७	पशुपति दाहाल	पिपिआर कार्यक्रमका लागि औषधी खरिद	२४७५८०	लागत अनुमान नबनाई कार्यक्रम संचालन

			२०५८२० ०	

	प्रमाण पेश नगरेको	२०,५८,२००

५९ **ढलानको भुक्तानी -** नगरपालिकाले सम्पादन गर्ने निर्माणसम्बन्धी कार्यलाई तोकिएको नर्मश र व्यवहारमा प्रयोग हुने सामाग्रीको मात्राको आधारमा दर विश्लेषण प्रमाणित गरी पद्धतिबद्ध तवरले कार्यान्वयन गर्नुपर्दछ । यस नगरपालिकाले निर्माणको कार्यमा प्रयोग हुने सामाग्रीलाई स्वीकृत दर विश्लेषण तयार नगरी कार्य गर्दा सडक ढलानमा एउटै कार्यमा फरक फरक दर कायम गरी कार्य गराएको छ । फिल्डमा १० डाउनको एग्रीगेट प्रयोग नै न्यून भएको वा शुन्य भएको कारण केहि कार्यहरुमा सडक विभागको नर्मश अनुसार कार्य गर्दा M15 प्रति घ.मी ड्ड९३०६.४६ प्रयोग भएको छ ।यसै गरी १० डाउनको फिल्डमा प्रयोग नभएपनि सो अनुसार भुक्तानी गर्दा ९५९० प्रति घ.मी भएको छ ।यसरी M15 को कार्यमा प्रति घ.मी २८४ ले फरक देखिएकोले निम्नानुसार योजनाहरुमा कुल ३२७१ घ.मी को २८४ को दरमा बढी भएको रकम असुलउपर गर्नुपर्ने देखिएको रु

योजनाको नाम	वडा नं	परिमाण	भुक्तानी दर	बढी भुक्तानी
घुरन महत्तोको घर देखि पूर्व जाने बाटो ढलान	१	१३६	९५९०	38624
पूर्व पश्चिम राजमार्ग देखि दक्षिण होन्डा सोरुम हुदै भौरिल साहको घर सम्म बाटो ढलान	१	१४१.४ ८	९५९०	40180.32
नारायण बहादुर सुस्लिङ्गको घर देखि दक्षिण नगरपालिका कार्यालय हुदै पूर्व पश्चिम राजमार्ग जोड्ने बाटो ढलान	१	११७	९५९०	33228
सनि डाडा बलवानी खोल्सोको लच्का दक्षिण पदम प्रसाद सुवेदी हरि ढुंगेलको घर हुँदै तामाङ्ग टोल जोड्ने ढलान	१	११३	९५९०	32092
बर्दिबास चोक देखि पश्चिम सौभाग्य न्यौपानेको घर हुँदै गालटार पश्चिम तामाङ्ग टोल जाने सडक ढलान	१	२१५	९५९०	61060

कृष्ण मोहनको घर देखि उत्तर पानी खोल्सी सम्मको बाटो स्तरोन्नती	१	८२.३२	9590	23378.88
रामजी कार्कीको घरदेखि दक्षिण विर बहादुर हायुको घर सम्मको बाटो ढलान	१	७१	९५९०.८४	20164
हनुमान मन्दिर देखि पूर्व हल्दार खोल्सी सम्मको बाटो ढलान	१	१०६	९५९०.८४	30104
शम्भु साहको घर अगाडीको बाटो ढलान	१	२३.९८	९५९०	6810.32
गोपाल विकको घरदेखि पूर्व चर्च टोल जाने अधुरोबाटो पिसिसि ढलान	२	७६.६	९५९०.८४	21754.4
बदेलखाँडी देखि टोकिटोल जाने अधुरोबाटो नाला सहित पिसिसि ढलान	२	१४१	९५९०.८४	40044
बेचु लामाको घरदेखि पूर्व शारदा श्रेष्ठको घरसम्म जाने बाटो पिसिसि ढलान	२	८१.६१	९५९०.८४	23177.24
चन्द्र बहादुर ठकुरीको घर देखि पूर्व जनता स्कुल जाने बाटो पिसिसि ढलान	२	७०.७३	९५९०.८४	20087.32
विदुर अधिकारीको घरबाट पूर्व गोपाल बरालको घर जाने बाटो ढलान	२	८२.५	९५९०.८४	23430
स्मृति पार्क देखि विष्ट टोल जाने बाटो ढलान	३	१३३	९५९०.८४	37772
मकालुदेखि पश्चिम देवीथान जाने सडक ढलान	३	५६.९८	९५९०.८४	16182.32
अख्तियार पश्चिम पाउरोटी फ्याक्ट्री जाने सडक ढलान	३	५७	९५९०.८४	16188

हस्त परियारको घरदेखि पुर्व रातु खोला जाने सडक ढलान	३	८१.०७	९५९०	23023.88
हात्तीमारा खोला देखि रायमण्डल सम्मको सडक ढलान	३	११४	९५९०.८४	32376
बालकिशोर रायमाझीको घर देखि रा.स.मा.वि जाने अधुरो सडक ढलान	३	१११	९५९०.८४	31524
कालापानी विपि राजमार्गबाट झोलुङ्गे पुलसम्मको सडक ढलान	३	३७.२४	९५९०.८४	10576.16
बरटोल देखि तर्सरी जाने बाटो ढलान	१२	५८.५५	९५९०	16628.2
इस्लाम टोल ढलान	१२	११३	९५९०.८४	32092
दुखि महत्तोको घर र दशै महत्तोको घर हुँदै स्कुल खानेपानी टयाङ्की सम्मको बाटो ढलान	१२	७०.८	९५९०	20107.2
जनता माध्यमिक विद्यालय मर्मत	१३	५७.१५	९५९०	16230.6
पुरानो ६ नं वडामा टिके आलेको घरदेखि दुर्गा बहादुर लुंगेलीको घरसम्म पिसिसि ढलान	१३	६८	९५९०	19312
डाडाटोल बजारको सहायक सडक ढलान	१३	८३.८६	९५९०.८४	23816.24
हजारी साहको घरदेखि रामचरित्रको घर सम्मको सडक पिसिसि ढलान	१३	७४.९३	९५९०	21280.12
मालिक महत्तोको घरदेखि श्याम महत्तोको घरसम्म राजकुमार महत्तोको घरदेखि विपिन चौधरीको खेतसम्म पिसिसि ढलान	१३	७९.५७	९५९०.८४	22597.88

महारानी युवा क्लव देखि दक्षिण पश्चिम र पूर्व सम्मको सडक पिसिसि ढलान	१३	५६	९९३४.०४	15904
पिताम्बर साहको घरदेखि पश्चिम कृषि बजार सम्मको १२ फिटे बाटो नाला सहित पिसिसि ढलान तथा कृषि बजारको गेट देखि औरही रोड सम्मको अधुरो बाटो पिसिसि ढलान	१४	७७.७८	९५९०	22089.52
गोपाल बहादुर थापा र मिना न्यौपानेको घर बीचको नमुना मुसहर बस्तीको उत्तरतर्फ जोड्ने १९ फिटे बाटो नाला सहित पिसिसि ढलान	१४	४२	९५९०	11928
राजकुमार समालको घरदेखि अमर बहादुर बारकोटीको घर हुँदै पुरानो राजमार्ग सम्मको १२ फिटे बाटो नाला सहित पिसिसि ढलान	१४	४७	९५९०.८४	13348
औरही रोडदेखि पश्चिम सस कविन्द्र स्कुल हुँदै पुरानो राजमार्ग सम्मको बाटो नाला सहितको बाटो निर्माण पिसिसि ढलान	१४	४१.१६	९५९०.८२	11689.44
महेन्द्र राजमार्गदिखि गौतम होटल पश्चिम बरफ फ्याक्ट्री हुँदै अर्जुनको घरसम्म नाला सहित पिसिसि ढलान	१४	९४.८२	९५९०.८२	26928.88
औरही सडकको विकाउ महत्तोको पसल देखि दक्षिण पुरानो राजमार्ग सम्मको १२ फिटे बाटो नाला सहित पिसिसि ढलान	१४	६७	९५९०	19028
औरही रोडको जर्घा होटल देखि पूर्व नयाँ नगरपालिका जाने १० फिटे बाटो नाला सहित पिसिसि ढलान	१४	५७.७२	९५९०	16392.48
मिन बहादुर पूर्वछानेको घरदेखि पुरानो राजमार्ग सम्मको बाटो नाला सहित पिसिसि ढलान	१४	७९.५	९५९०	22578

राना टोलको २ वटा अधुरो पिसिसि ढलान बाटो पुरा	१४	५३.८	९५९०	15279.2
जम्मा		३२७१		९२९००६।६

असुल गर्नुपर्ने	९,२९,००६.६

६० **आई.सि.टि भवन निर्माण -** नगरपालिका कार्यालयको ICT भवन निर्माण गर्न ज्ञान ज्योति विल्डर्स काभ्रे सँग मिति २०७९।०३।३१ मा सम्झौता बमोजिमको निर्माण कार्य सम्पन्न गर्ने गरी २ करोड ८८ लाख ५६ हजार ८४५ मा ठेक्का सम्झौता भएकोमा दोस्रोपटक थप गरेको म्याद मिति २०८०।०९।१५ सम्म पनि कार्य सम्पन्न नगरेको र निर्माण कार्य सुचारु हुन नसकेकोले पूर्वनिर्धारित क्षतिपूर्ति असूल गरी सम्झौता अनुसारको कार्य सम्पादन गराउनुपर्दछ ।यसैगरी निर्माण व्यवसायीको कार्यसम्पादन जमानत रहेको लक्ष्मी सनराइज बैकको जमानत अवधि समेत भुक्तान भैसकेकोले थप जमानत म्याद थप प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	३९,२०,४१२

६१ **इच्छेश्वर मा.वि सम्म जाने कालोपत्रे सडक -** निर्माण व्यवसायी धनुषाधाम निर्माण सेवा सँग रु.६५ लाख ४४ हजार १६३ मा कबोल गरी २०७९।०३।३१ मा उक्त सडकको कालोपत्रे कार्य सम्पन्न भएको भएपनि कार्यसम्पादनमा रहेको त्रुटि सच्चाउने अवधिको म्याद गुज्रिसकेकोले २०८१।०४।१९ समेतलाई समेटी कार्यसम्पादन जमानतको अवधि माग गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	३,५५,१८७

६२ **सडक कालोपत्रे ठेक्का -** चल्खीचोक देखि डाँडाँटोल विषयवस्ती हुँदै भ्वसीटोल सम्मको सडक कालोपत्रे गर्न निर्माण व्यवसायी फर्म युनिभर्सल कन्स्ट्रक्सन वाटर ट्रिटमेन्ट प्रा.लि दमक झापासँग मिति २०८०।०३।०७ मा सम्पन्न गर्ने गरी १ करोड १ लाख ६० हजार ९६० ठेक्का सम्झौता गरेकोमा लेखापरीक्षणको समयमा समेत कार्य शुरु गरेको छैन। यस सम्बन्धमा देखिएका थप व्यहोरा निम्न छन।

कः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६१ बमोजिम आफ्नो सम्झौतामा उल्लेखित दायित्व पूरा नगरेको र सार्वजनिक हित विरुद्ध खरिद कारबाही पुरा नगरेकोले दफा ६३ बमोजिम कालोसूचिमा राख्ने, ठेक्का तोड्ने र खरिद प्रक्रियामा भाग लिन नपाउने व्यवस्था गर्नुपर्दछ ।

खः सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम पहिलो किस्ता सम्झौता भएपछि १० प्रतिशत र दोस्रो किस्ता कार्य प्रक्रिया सुचारु भएपछि प्रगतिको आधारमा पेश्की उपलब्ध गराउनुपर्नेमा यस पालिकाबाट निज ठेकदारले कार्य सुचारु नै नगरेको स्थितिमा २० प्रतिशत पेश्की उपलब्ध गराएको पाइयो । यसरी उपलब्ध

गराउने पेश्की ठेक्का सम्बन्धी छुट्टै बैक खाता खोलेको प्रमाणको आधारमा सो खातामा उपलब्ध गराउने र सो पेश्कीको परिचालनको अनुगमन गरी ठेक्का सम्झौता बमोजिम परिचालन गरेको छ वा छैन भनी एकिन नगरेकोले पेश्की उपलब्ध गराउने र परिचालनको अनुगमन सम्बन्धमा समेत लापरबाही भएकोले सम्बन्धित जिम्मेवार व्यक्तिहरुले यसको जवाफदेहिता वहन गर्नुपर्दछ ।

गः ठेक्का कार्यसम्पादन जमानत म्याद 2022 Jan 16 मा समाप्त भएको र पेश्की जमानतको म्याद समेत 2021 June 30 मा समाप्त भएकोले खरिद प्रक्रियामा संलग्नहरुले समयमा ताकेता गरी कारबाही नगरेको देखिदा सरकारलाई नोक्सानी भएकोले सम्बन्धित कर्मचारीहरुले यसको जवाफदेहिता वहन गर्नुपर्दछ । कार्यसम्पादन जमानत रु.३८९३४३६ र पेश्की जमानत रु.२०३२१९२ थप गरी सोको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	५९,२५,६२८

६३ **विधुतचोक भरतटोल बाटो कालोपत्र -** विधुतचोक भरतटोल बाटो कालोपत्रे गर्न मनास्लु इनर्जी प्रा.लि सँग रु.९९९७७६७.३१ मा खरिद सम्झौता सम्पन्न भएकोमा २०८०।०३।०७ मा कार्यसम्पन्न भएको विवरण पेश भएको छ । यस सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्न रहेका छन् ।

कः उक्त ठेक्काको कार्यसम्पादन जमानतको अवधि त्रुटी सच्चाउने अवधि समेतको आधारमा थप गरी २०८० आषाढ सम्मको पेश गर्नुपर्ने ।

खः खरिद सम्झौताको १४.१३ प्रतिशत सम्मको भेरियसन आदेश कार्यपालिकाबाट स्वीकृत गर्नुपर्नेमा नगर प्रमुखबाट स्वीकृत भएकोले अनियमित नभएको रु.

गः Tack Coat मा शुरु सम्झौता परिमाण ५०७१.७५ बाट परिमार्जित हुँदा ७०१८.२० पुगेकोमा ३८ प्रतिशतले आइटम भेरियसन भएकोमा उक्त आइटमको मूल्यको ३.८५ प्रतिशतले सम्झौतामा थप भएको छ । Rate Negotiation गरी थप कार्य गराउनुपर्नेमा रु.३०७६११ उक्त आइटमा भुक्तानी थप लेखेको छ ।

अनियमित भएको	११,२७,४१४.५६

६४ **प्रशासकिय भवन निर्माण -** पालिकाले प्रशासकिय भवन निर्माण गर्न एम. पायनियर निलकण्ठेश्वर जे.भी सँग मिति २०८०।०५।२७ मा निर्माण सम्पन्न गर्ने गरी ९ करोड ३७ लाख २४ हजार १८७ मा सम्झौता सम्पन्न भएकोमा निर्माण कार्यको म्याद समाप्त भैसक्दा समेत लेखापरीक्षणको समयसम्म म्याद थप गरेको छैन । समयमा ठेक्का सम्पन्न गर्ने वा ठेक्का तोडी कार्यसम्पादन जमानत जफत गर्ने भन्ने सम्बन्धमा आवश्यक निर्णय नगरपालिकाबाट हुनु पर्ने देखिन्छ । साथै अग्रिम जमानत रकमको म्याद समेत समाप्त भैसकेकोले उक्त जमानत रकम थप गर्नुपर्ने देखिएको रु.

प्रमाण पेश नगरेको	१,८७,४४,८३७

६५ **शिक्षक अभिलेख -** नगरपालिका कार्यालयले पालिकाभित्र रहेका विद्यालयहरुको स्वीकृत दरवन्दी (राहत, करार समेत) विद्यालयमा शिक्षक अवस्था, सरुवाको विवरण, अवकाश विवरण तयार नगरेकोले निकासा भएको रकम वास्तविक भए/नभएको भिडान गर्न सकिएन। त्यसैगरी कार्यालयले प्रमाणित र परीक्षण नभएको सफ्टवेयर सिष्टम प्रयोग गरि माग फारम वेगरको तलव रुजु नगरी निकासा दिएको देखिदा निकासा भएको तलव पूर्ण रुपमा भरपर्दो छ भन्न सकिएन। तसर्थ शिक्षक सरुवा, अवकाश भए पश्चात पनि रकम निकासा नभएको विश्वस्त हुने गरी अभिलेख तयार गरी खर्चलाई प्रभावकारी बनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६६ **नतिजामा आधारित प्रोत्साहन अनुदान -** व्यवस्थापकीय तथा शैक्षिक सुधारमा उत्कृष्ट कार्य गरेका विद्यालयलाई नतिजामा आधारित प्रोत्साहन अनुदानका लागि छनोटका आधार,२०७९ को बूँदा नं.५ अनुसार छनौट भएको विद्यालयलाई रु.५ लाख अनुदान दिने व्यवस्था छ । नगरपालिकाले श्री जनता माध्यमिक विद्यालय गौरिडाँडालाई ५ लाख निकासा दिएको छ। यस सम्बन्धमा देखिएको व्यहोरा देहायनुसार छन्।

1. उल्लेखित मापदणडको बूँदा नं.६ मा अनुदान रकमो उपयोग सम्बन्धमा व्यवस्था अन्तर्गत प्र.अ. ले विद्यालयको आवश्यकताका आधारमा शैक्षिक तथा व्यवस्थापकीय पक्षमा सुधार गर्न सहयोग पुर्याउने प्रोत्साहन अनुदान खर्च सम्बन्धी प्रस्ताव तयार गर्नुपर्नेमा सो नगरिएको ।
2. कर्मचारी क्षमता विकास, प्रविधियुक्त सिकाई र मौलिक अभ्यासलाइ प्राथमिकता दिनुपर्नेमा विद्यालयद्वारा उक्त कार्यलाई प्राथमिकता दिएको देखिएन्।
3. प्रोत्साहन अनुदान सञ्चालित कार्यक्रमको प्रगति प्रतिवेदन स्थानीय तहमा पेश गर्नुपर्नेमा सो नभएको ।
4. स्रेस्ता परीक्षण गर्दा विद्यालयले पेश गरेको खर्चको प्रमाण अनुदान प्राप्त हुनुभन्दा पहिलेको रहेको पाइयो ।शिक्षा तथा मानव स्रोत विकास केन्द्रको चिठ्ठी २०८०।३।५ मा आएको र निकासा २०८०।३।१७ मा भएको छ ।विद्यालयले समिति गठन नगरी भ्रमण तथा बोर्ड खरिदमा रकम खर्च गरेकोले विद्यालयद्वारा पेश गरेको प्रमाण यथार्थ र रितपूर्वक खर्च भएकोमा यकिन गर्न सकिएन्।पालिकाद्वारा यसको छानविन गरी नियमानुसार अनुदान रकम खर्च भए नभएको यकिन गर्नुपर्दछ ।
5. प्रधानाध्यापकले तयार गरेको प्रस्ताव वि.व्य.स. मा पेश गरेपछि सिमतिले अनुदान रकम प्रयोग गर्नेगरी योजना स्वीकृत गरेपछि समितिबाट स्वीकृत योजनामा मात्र अनुदान रकम खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा विद्यालयद्वारा प्रस्ताव नै तयार नगरी समितिको अनुमती वेगर रकम खर्च गरेको नियमसम्म नभएको रु.

अनियमित भएको	५,००,०००

६७ **एक शिक्षण एक उद्यम कार्यक्रम -** नगरपालिकाल अन्तर्गत सञ्चालित श्री दूर्गा माध्यमिक विद्यालय पशुपतीनगरलाई एक शिक्षण एक उद्यम कार्यक्रमको लागि पालिकाले भौ.नं.२१५-०८०।३।१७ बाट रु.५,२५,००० निकासा दिएको छ । उक्त अनुदान रकम एक शिक्षण एक उद्यम कर्यक्रम कार्यान्वयन

कार्यढाँचा,२०७८ को बूँदा नं.५ अनुसारको लक्षित शिक्षण संस्थालाई दिनुपर्ने र बुँदा नं.६ मा तोकेको उद्यमक्षेत्रमा मात्र व्यवसाय सञ्चालन गर्न सक्ने व्यवस्था छ ।बुँदा नं.७ अनुसार कक्षा ९,१०,११,१२ का छात्र तथा छात्र तर्फका प्रथम विद्यार्थी र विद्यालयले तोकेको अन्य ७ जना विद्यार्थी गरी १५ सदस्यीय विद्यार्थी उद्यम क्लब गठन गर्ने र बुँदा नं.८ अनुसार उद्यम कोष सञ्चालन गरी उद्यम कोषको आम्दानीबाट विद्यार्थी कल्याणकारी कार्यक्रम गर्न ५०% नबढने गरी रकम निकासा गर्ने साथै उद्यम सम्झौता, चौमासिक रुपमा वित्तीय र भौतिक प्रगती स्थानीय तहमा पठाउनुपर्नेमा विद्यालयद्वारा उपरोक्त प्रक्रिया अपनाएको देखिएन्।तसर्थ पालिकाद्वारा निकासा भएको अनुदान उपरोक्त ढाँचा अनुसार कुन काममा खर्च भएको हो सोको प्रगति प्रतिवेदन सहितको कार्यसम्पादन तथा खर्चको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	५,२५,०००

६८ **प्राविधिक धार ल्याब व्यवस्थापन अनुदान -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.७.१३.१० को बूँदा नं.५.१२ मा प्राविधिक विषय अध्यापन हुने विद्यालयलाई ल्याब सामग्री सहयोग वापत प्रति विद्यालय रु.२ लाख अनुदान दिने व्यवस्था अन्तर्गत नगरपालिकाले श्री जनता माध्यमिक विद्यालय गौरीडाँडालाई भौ.नं.१८४-०८०।३।११ बाट रु.२,००,००० निकासा दिएको छ ।उक्त अनुदान प्रयोगशालाको स्तरोन्नती गर्न, ल्याब सञ्चालन गर्न मर्मत, सम्भार एवम् सामग्रीको व्यवस्थापनमा खर्च गर्नुपर्नेमा विद्यालयले रकम निकासा हुनुभन्दा पहिलेको ल्याब सम्बन्धी सामग्री खरिदको बिजक पेश गरेको छ । यस सम्बन्धमा पालिकाद्वारा खरिद सामग्री र खरिद प्रक्रियको छानबिन गरी अनुदानको सदुपयोगप्रति आश्वस्त भएर मात्र अनुदान निकासा दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६९ **बढी ग्रेड भुक्तानी -** शिक्षकहरुको तलब भता निकासा गर्दा शिक्षक किताबखानाबाट अनिवार्य रुपमा तलबी प्रतिवेदन पारित गरेर तलब तथा ग्रेड यकिन गरेर मात्र निकासा दिनुपर्दछ। नगरपालिका अन्तर्गत सञ्चालित श्री राष्ट्रिय सरस्वती माध्यमिक विद्यालय रातु कालापानीमा कार्यरत प्रा.शि.त्तृतीय शिक्षक आशा विश्वकर्मालाई पारित तलबी प्रतिवेदन अनुसार निजलाई ३ ग्रेड बराबर रकम भुक्तानी दिनुपर्नेमा तेस्रो त्रैमासिक निकासाबाट २३ ग्रेडको दिएको पाइयो । प्रति ग्रेड रु.१०९७ का दरले २० ग्रेडको ३ महिनाको बढी भुक्तानी निजबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	६५,८२०

७० **विद्यालयलाई बढी निकासा -** आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली 2077 को नियम 39 को 5 मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्न बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। नगरपालिकाले प्रथम त्रैमासिकको लागि श्री जनता माध्यमिक विद्यालय गौरीडाँडालाई रु.३२,०४,१९७ निकासा दिनुपर्नेमा रु.३२,६०,४०१ दिएकोले बढी निकासा रू.५६,२०४ असुल गरी राजस्व दाखिला गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	५६,२०४

७१ **मेयर गोल्डकप फुटबल प्रतियोगिता कार्यक्रम -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (७) अनुसार सरकारी निययबाट गरिने तालिम, कार्यक्रम तथा सेमिनार जस्ता कार्यक्रमको लागत अनुमान अधिकार प्रप्त अधिकारीबाट स्वीकृत हुनुपर्ने व्यवस्था छ । नगरपालिकाले मिति २०७९।१०।१६ देखि ११।४ सम्म सञ्चालित दोश्रो बर्दिवास मेयर गोल्डकप फुटबल प्रतियोगिता २०७९ को लागि पालिकाले भौ.नं.१४-०७९।१२।१२ बाट नगर खेलकुद विकास समिति,बर्दिवासलाई रु.३०,००,००० भुक्तानी दिएको छ । उक्त कार्यक्रमको लागि समितिले लागत अनुमान तयार नगरेको तथा पालिकाबाट कार्यक्रम स्वीकृत गरेको छैन ।पालिकाबाट खेल गराउने कुनै निर्णय नभएको तथा कति वटा टिमलाई सहभागी गराउने निर्णय बेगर समितिले खेलकुद कार्य सम्पादन गरी प्रथम पुरस्कार वापत एभिनियर एफ.सि. क्यामरुन टिमलाई नगद रु.५ लाख पुरस्कार दिएको छ ।साथै म्यान अफ दि म्याच, उत्कृष्ट खेलाडी,सर्वाधाकि गोलकर्ता लगायतका उपाधिलाई बिना निर्णय नगद पुरस्कार बाँडेको र अन्य खर्च गरेको नियमसम्मत नभएको रु.

अनियमित भएको	३०,००,०००

७२ **विद्यालय निकासा रजिष्टर -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठिक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको विवरणको स्पष्ट विवरण खुल्ने गरी यथार्थ विवरण राख्नुपर्नेमा निकासा अभिलेख राखेको छैन । जसवाट वास्तविक रुपमा निकासा दिनुपर्ने र भुक्तानी दिएको बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा रजिष्टर बाता अद्यावधिक राख्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

७३ **विद्यालयको लेखापरीक्षण प्रतिवेदन -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० को क्रियाकलाप नं २.७.१३.१० मा विद्यालया सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत विद्यालयहरुको आर्थिक लेखापरीक्षण गराउनको लागि आधारभुत तह सञ्चालित विद्यालयलाई रु १०००० र माध्यमिक तह सञ्चालित विद्यालयहरुलाई रु.१५००० अनुदान दिने व्यवस्था छ । पालिका अन्तर्गत सञ्चालित ५१ वटा सामुदायिक विद्यालयहरुलाई लेखापरीक्षण बापतको रु.६२०००० रकम भुक्तानी दिए पनि सबै विद्यालयले अन्तिम लेखापरीक्षणको दिनसम्म पनि आर्थिक तथा सामाजिक लेखापरीक्षण गराएको पाइएन । विद्यालयहरुको आय व्ययको आन्तरिक लेखापरीक्षण समयमै गराएर पालिकाको कार्यालयमा प्रतिवेदन पेश गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७४ **तलवी प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तह अन्तर्गत कर्मचारीहरुको वार्षिक तलवी प्रतिवेदन आन्तरिक लेखापरीक्षकबाट र निजामती कर्मचारीको तलवी प्रतिवेदन निजामती सेवा ऐन, २०४९ को दफा ७ ख (२) बमोजिम जिल्ला स्थित कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट पारित गराई तलब खर्च लेखनुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाका संघीय सशर्तबाट तलब भत्ता खाने स्वास्थ्य र शिक्षा शाखाका कर्मचारीको तलबी प्रतिवेदन पारित नगरी रु.२५,०६,३५,६१५.८८ खर्च गरेको छ । यसरी

तलवी प्रतिवेदन पारित नगराई खर्च गर्दा तलव भत्ता तथा ग्रेडको सम्बन्धम एकिन गर्न सकिएन। कानुन अनुकुल तलवी प्रतिवेदन पारित गरेर मात्र तलव खर्च लेख्नुर्दछ।

सैद्धान्तिक बेरुजु

७५ **पाठ्यपुस्तक वित्तरण -** पाठ्यपुस्तक वित्तरणः- कार्यक्रम कार्यान्यिन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.४.६.१. अनुसार कक्षा १-१२ सम्म अध्ययनरत विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउने व्यवस्था छ ।पालिकाले ०७९।८० मा ५१ वटा विद्यालयलाई भौ.नं.१०६-०७९।१२।२९ बाट रु.६५,६९,६६९ र भौ.नं.२७६-०८०।३।२० बाट रु.३६,५१,९२८ गरी जम्मा रू.१,०२,२१,५९७ निकासा दिएको छ ।स्रेस्ता परीक्षण गर्दा देहायका व्यहोरा देखियोः

- IEMIS मा प्रविष्ट गरेको विद्यार्थी संख्यालाई यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा कक्षागत र विषयगत पाठ्यपुतकको संख्या यकिन गर्नुपर्नेमा स्थानीय नियकाद्वारा सो गरेको पाइएन्।
- विद्यार्थीले शैक्षिक सत्रको सुरुवात मै पुरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गर्ने कार्य स्थानीय तहले गरेको छैन्।
- विद्यालयले पेश गरेको पुस्तक वित्तरणको भरपाई परीक्षण गर्दा एकै किसिमको हस्ताक्षर रहेकोले पाठ्यपुस्तक वित्तरणको भरपाई यथार्थ हो भन्नेमा यकिन हुन नसकेकोले स्थानीय तहले यसको छानविन गरी यकिन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७६ **छात्रवृत्ति अनुदान -** कार्यक्रम कार्यान्यिन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. ७.२.१.१ को बूँदा नं. ४.२ मा गैरआवासीय छात्रवृत्ति सम्बन्धी कक्षा १-८ सम्म छात्रा तथा दलित छात्रवृत्ति व्यवस्था रहेको छ । पालिकाले भौ.नं.१९८-०८०।३।१३ बाट ५० वटा विद्यालयका लागि रु.२३९१६०० छात्रवृत्ति रकम निकासा गरेको छ ।कार्यान्वयन पुस्तिका अनुसार IEMIS मा प्रविष्ट गरेको विद्यार्थी संख्यालाई यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा मात्र गैरआवासीय छात्रवृत्ति निकासा दिनुपर्नेमा पालिकाद्वारा यसो गरेको छैन्।साथै विद्यालयद्वारा पेश गरेको भरपाईमा वि.व्य.स.को अध्यक्ष र प्र.अ. द्वारा प्रमाणित हुनुपर्नेमा प्र.अ. को मात्र हस्ताक्षर भएको र वि.व्य.स. को नभएकोले भरपाईलाई यथार्थ मान्न सकिएन्। IEMIS को तथ्याङ्क सहि भए नभएको यकिन नगरी रकम निकासा दिएकोले पालिकाद्वारा विद्यार्थी संख्याको छानविन गरी यथार्थ विद्यार्थी अनुसार मात्र रकम निकासा गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७७ **दिवा खाजा -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० को क्रियाकलाप नं २.७.११.१ मा सामुदायिक विद्यालयका तोकिएका विद्यार्थीको लागि दिवा खाजा अन्तर्गत बालबिकास देखि कक्षा ६ सम्मको विद्यार्थीलाई प्रति विद्यार्थी प्रति दिन रु १५ का दरले खाजा खुवाएको दिनको आधारमा १८० दिनका लागि अनुदानको

व्यवस्था गरेको छ । पालिका अन्तर्गत संचालित ५१ वटा विद्यालयलाई नगरपालिकाले भौ. नं. ४९-०७९।९।१४ बाट रु.८२३१४००, भौ. नं. १००- ०७९।१२।२८ बाट रु.६८९५५३० र भौ. नं. २७२-०८०।३।२० बाट रु.६२१९२५३ गरी जम्मा रु.२१३४६१८३ निकासा दिएको छ । यस सन्दर्भमा निम्नलिखित व्यहोरा देखियोः

७७.१
- दिवा खाजाको मापदण्ड, गुणस्तर र व्यवस्थापन सम्बन्धि कार्य कार्यान्वयन पुस्तिको अनुसूची ४, दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका,२०७६ र विद्यालय दिवा खाजा व्यवस्थापन सहयोगी पुस्तिका २०७७ अनुसार प्रत्येक विद्यालयले दैनिक आवश्यकताको ३०% पोषण दिवा खाजाबाट प्राप्त हुने गरी विद्यालयले खाजा खुवाउनुपर्ने व्यवस्थाको पूर्ण परिपालान नभएकोले पालिकाद्धारा उक्त कार्यको अनुगमन गरी खाजाको गुण्स्तरीयता लगायतका मापदण्डको पूर्ण पालन गराउने तर्फ ध्यान दिनुपर्दछ ।
- विद्यालयहरुको सक्कल विद्यार्थी उपस्थित हाजिरी रजिष्टर परीक्षण गर्दा धेरै विद्यालयको वर्षभरी १०० प्रतिशत विद्यार्थी उपस्थित देखाएर दिवा खाजा अनुदान लिएको देखिन्छ । विद्यालय खुलेको अवधिभर सबै विद्यार्थीको १००% उपस्थिति देखिएकोले हाजिरी वास्तविक हो सोको यकिन गर्न सकिएन्।विद्यालयद्वारा वास्तविक विद्यार्थी संख्याको सत्यापन गराई यथार्थ विद्यार्थी संख्या यकिन गरी मात्र रकम निकासा दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७७.२ नगरपालिका अन्तर्गत संचालित ५१ वटा विद्यालययहरुमध्ये पालिकाले पेश गरेको विद्यलायहरुको आ.व.२०७९।८० को सामाजिक परीक्षण तथा वार्षिक लेखापरीक्षणको प्रतिवेदन परीक्षण गर्दा देहायका विद्यालयको खर्च भन्दा निकासा बढि भएको पाइयो ।यसरी बढि निकासा भएको विद्यालयहरूबाट रकम असुल गरी राजस्व दाखिला गर्नुपर्ने रु.

क्र.सं.	**विद्यालयको नाम**	**निकासा रकम**	**खर्च रकम**	**बढि निकासा**
१.	श्री जनहित माध्यमिक विद्यालय चौलिखा	७३०८००	५१७१२१	२१३६७९
२.	श्री जनता माध्यमिक विद्यालय बर्दिवास	५९६६३५	३६४९४५	२३१६९०
३.	श्री पञ्चधुरा माध्यमिक विद्यालय चिरु	३१५०७५	२४०३२५	७४७५०

४.	श्री दुधपोखरि आधारभुत विद्यालय राजावस	४२८४००	३१८१८०	११०२२०
५.	श्री जनता आधारभुत विद्यालय टुटेश्वर	२५६६९०	१०७२५०	१४९४४०
६.	श्री दूर्गा माध्यमिक विद्यालय पथलैया	८७६९६०	५१११४०	३६५८२०
७.	श्री राम जानकी आधारभुत विद्यालय अक्वान्टोल	१७१३६०	१०३०००	६८३६०
	जम्मा रकम	**३३७५९२०**	**२१६१९६१**	**१२१३९५९**

असुल गर्नुपर्ने	१२,१३,९५९

७७.३ आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली 2077 को नियम 39 को 5 मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्न बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिका अन्तर्गत सञ्चालित विद्यालयहरुमध्ये देहायका विद्यालयहरुले दिवा खाजा सञ्चालनको बिल भरपाई पेश नगरेकोले कार्यान्वयन पुस्तिका बमोजिम वि.व्य.स. र प्र.अ. बाट प्रमाणित गराएको खर्चको प्रमाण पेश गर्नुपर्ने रु.

क.सं.	**विद्यालयको नाम**	**अनुदान रकम**
1.	राष्ट्रिय आ.वि. भरटोल खयरमारा	१९४०४०
2.	सरस्वती मा.वि. खयरमारा	१५६२४०
3.	जनमुखि आ.वि. पशुपतिनगर	२६७१२०
4.	राष्ट्रिय मा.वि. बनरझुल्ला	१०४१९७५

5.	पञ्चधुरा आ.वि.	१८९०००
6.	माध्यमिक विद्यालय हातिलेट	४२२२८३
7.	सरस्वती विद्यामन्दिर आ.वि.	३१४५२०
	जम्मा रकम	**२५८५१७८**

प्रमाण पेश नगरेको	२५,८५,१७८

७८ **अनुगमन भत्ता -** आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली, 2077 को नियम संलग्न हुनुपर्ने व्यवस्था छ। मिति २०८०।३।१५ देखि ३।३० सम्म १४ दिन विद्यालय शैक्षिक अवस्था अनुगमन वापत देहायका कर्मचारीहरुलाई भौ.नं.२-०७९।६।४ बाट रु.१,१७,५०० अनुगमन भत्ता भुक्तानी दिएकोमा स्रेस्ता परीक्षण गर्दा निजहरुले भत्ता मात्र बुझेको तर अनुगमन प्रतिवेदन पेश नभएको साथै अनुगमन गरेको प्रमाणित हुने कुनै प्रमाण नभएकोले निजहरुले अनुगमन गरेको यकिन गर्न सकिएन्। तसर्थ, देहायका कर्मचारीहरुबाट भत्ता रकम असुल गर्नुपर्ने रु.

क्र.सं.	**कर्मचारीको नाम**	**भत्ता रकम**	**कर कट्टी पछी भुक्तानी**
1.	खडक बहादुर सिंह	२१०००	१७८५०
2.	भोला खडका	२१०००	१७८५०
3.	युवराज पोखरेल	२१०००	१७८५०
4.	बुद्ध प्रसाद पोखरेल	२१०००	१७८५०
5.	गणेश प्रसाद दहाल	३३५००	३०१६२
	जम्मा रकम		**१०१५६२**

	असुल गर्नुपर्ने	१,०१,५६२

७९ **शिक्षण सिकाईमा ICT अनुदान -** राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७६ दफा ५ (क),(ख) र (ग) मा भएको व्यवस्था अनुसार स्थानीय तहले इन्टरनेट पहुँच भएका तथा विद्युतको नियमित आपूर्ति भएका विद्यालयहरुको विवरण तयार गरी ती विद्यालयबाट प्रस्ताव माग गर्ने, विद्यालयले माध्यमिक तहमा गणित, अङ्ग्रेजी र विज्ञान विषय पढाइ रहेका कम्प्युटर ऐच्छिक विषयका रुपमा अध्यापन गराएका एवम् शिक्षकको ICT का माध्यमबाट शिक्षण गर्न सक्ने क्षमता र तत्परता खुल्ने विवरण सहित प्रस्ताव पेश गर्ने, प्रस्तावहरुको मूल्याङ्कन गरी विद्यालयहरुको छनोट गर्ने, छनोट भएका विद्यालयहरुलाई गणित, विज्ञान र अङ्ग्रेजी विषयका Kits र networking, internet आदि व्यवस्थापन गर्न लगाउदा आवश्यक फर्निचर, कम्प्युटर उपकरण सफ्टवेयर विद्युतीय अन्तरक्रियात्मक श्रव्य दृश्य सिकाई सामाग्री व्यवस्थापन गर्ने, सुनिश्चित कायम गर्ने गरी प्रति विद्यालय ६ लाख ५० हजार एकमुष्ट अनुदान रकम उपलब्ध गराउने व्यवस्था छ । नगरपालिकाले श्री सेम नेपाल राष्ट्रिय माध्यमिक विद्यालयलाई भौ.नं.११-०८०।३।११ बाट ICT स्थापनाका लागि रु.६,५०,००० अनुदान निकासा दिएकोमा विद्यालयले उक्त रकम पुस्तकालय व्यवस्थापनमा खर्च गरेकोले नियम विपरित भएको रु.

	अनियमित भएको	६,५०,०००

८० **स्यानेटरी प्याड खरिद -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.७.१३.२३ मा सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ६-१२ सम्मका छात्राहरुका लागि निशुल्क स्यानेटरी प्याड वितरणको व्यवस्था छ ।नगरपालिकाले यस वर्ष शिलबन्दी दरभाउपत्रको माध्यमबाट ५५००० प्याकेट स्यानेटरी प्याडको लागि रु.४४,००,००० को लागत अनुमान बनाई सूचना आह्वान गरेकोमा ४ वटा ठेक्का परेकोमा सबैभन्दा कम दरमा पैरवी कन्सल्ट प्रा.लि. (६०६५४४१६६) बाट भौ.नं. १७७-२०८०/३/८ बाट रु.७१.९९ प्रति प्याकेट (मू.अ. कर समेत) का दरले खरिद गरी रु.३९,५९,५७६ मा भुक्तानी दिएको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु यस प्रकार रहेका छन्ः

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम (११) अनुसार कुनै पनि सार्वजनिक निकायले मालसामान खरिद गर्नु पूर्व नियम (११) मा उल्लेख भाए अनुसार गत वर्ष यस्तै सामान खरिद गरेको भए त्यसको वास्तविक लागत, स्थानिय बजार दर, अन्य बजारको दर, उद्योग वाणिज्य संघले जारी गरेको दरको आधारमा लागत अनुमान तयार गर्नुपर्नेमा पालिकाले बजेटालाई आधार मानी लागत अनुमान तयार गरी स्यानेटरी प्याड खरिद गरेको छ। नियमावलीको व्यवस्था अनुसार स्पेशिफिकेशन सहितको लागत अनुमान स्वीकृत नगराई स्यानेटरी प्याड खरिद गर्नु नियमावलीको व्यवस्था बमोजिम नदेखिएकोले खरिद सम्बन्धी कानूनको पूर्ण पालन तर्फ पालिकाले ध्यान पुर्याउनुपर्दछ।

• स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ । साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ । यो वर्ष नगरपालिकाले २०९८० थान स्यानिटरी प्याड रु.३९,५९,५७६० (मु.अ. कर समेत) मा खरिद गरेको छ। पालिकाले

गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि लेखापरीक्षणको अवधिसम्म पनि केहि मात्रामा मौज्दातमा राखेको देखिन्छ साथै खरिद गरेको प्याडको गुणस्तर परीक्षण नगरी भण्डारण राखेकोले प्याडको गुणस्तरप्रति पालिकाले आश्वस्त गर्नुपर्दछ । तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा गुणस्तरीय प्याड मात्र खरिद गर्नुपर्दछ ।

तर्सथ पालिकद्वारा रु.३९,५९,५७६ मा खरिद गरेको प्याडमध्ये वित्तरण भएको प्याडको अभिलेख राखि बाँकी स्यानेटरी प्याड समयमै खर्च गरी सम्बन्धित विद्यालयहरुले आफ्नो जिन्सी खातामा आम्दानी बाँधेको र विद्यार्थीहरुलाई वितरण गरेको यकिन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८१ **शिक्षक विद्यार्थी अनुपात -** शिक्षा नियमावली, २०५९ परिच्छेद १५, दफा ७७ (१) अनुसार तराईका जिल्लामा ५० विद्यार्थीमा १ शिक्षक हुने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार ५१ वटा सामुदायिक विद्यालयहरुमध्ये श्री जनजागृति मा.वि. पाटु,बर्दिबास-३ मा सबैभन्दा कम प्रति शिक्षक विद्यार्थी संख्या २४ जना र श्री इच्छेश्वर मा.वि.,बर्दिबास-५ चेरुमा सबैभन्दा बढी प्रति शिक्षक विद्यार्थी संख्या १०८ रहेको छ ।साथै श्री जनकल्याण आ.वि. पशुपतिनगर,बर्दिबास-९ मा ४५ विद्यार्थी रहेकोमा शिक्षक दरबन्दी र पदपूर्ती नगरहेको पाइयो । तर्सथ, पालिकाले यस्ता न्यून र अधिक फरक भएको विद्यार्थी अनुपात विद्यालयको पहिचान गरी यस्ता विद्यालयमा शिक्षक विद्यार्थी अनुपात मिलान गर्नु पर्दछ। ।

क्र. सं.	**विद्यालयको नाम**	**दरबन्दी संख्या**	**पदपूर्ती**	**मध्य राहत**	**बिधार्थीसंख्या**	**प्रति शिक्षक वि.सं.**
1.	श्रीदेउराली मा.वि.,बर्दिबास-१ बर्दिबास	17	17	6	938	55
2.	श्रीपञ्चधुरा आ.वि. बर्दिबास- १	3	3	1	75	25
3.	श्रीजनजागृति आ.वि. बर्दिबास,बर्दिबास-२ बर्दिबास	3	3	2	109	36
4.	श्रीजनता मा.वि. बर्दिबास,बर्दिबास-२ बर्दिबास	24	24	5	1376	57

5.	श्रीजनता मा.वि. गौरीडाँडा,बर्दिबास-३ गौरीडाँडा	18	18	3	1692	94
6.	श्रीजनजागृति मा.वि. पाटु,बर्दिबास-३ पाटु	15	15	5	265	18
7.	श्रीराष्ट्रिय सरस्वति मा.वि.,बर्दिबास-३ कालापानी	10	10	5	433	43
8.	श्रीदुधेश्वरी आ.वि.,बर्दिबास-३ राजाबास	4	4	0	184	46
9.	श्रीसरस्वति रा.आ.वि.,बर्दिबास-३ पर्साहीधाप	3	3	1	43	14
10.	श्रीरा.आ.वि.,बर्दिबास-३ भब्सी	5	5	4	206	41
11.	श्रीमा.बि. कामीडाँडा-०४	9	9	2	600	67
12.	श्रीरा.आ.वि. बरडाँडा ,बर्दिबास-४ बरडाँडा	4	4	1	189	47
13.	श्रीजनआस्था आ.वि. ,बर्दिबास-४ भक्तिपुर	1	1	0	57	57
14.	श्रीपञ्चधुरा मा.वि. ,बर्दिबास-५ चेरु	15	15	5	374	25
15.	श्रीइच्छेश्वर मा.वि.,बर्दिबास-५ चेरु	4	4	1	430	108
16.	श्री सेम नेपाल राष्ट्रिय मा.वि. ,बर्दिबास-५ ढुङ्ग्रे गढन्ता	8	8	3	380	48

17.	श्रीटुटेश्वरनाथ मा.वि. ,बर्दिबास-५ डिप	8	8	5	492	62
18.	श्रीरा.आ.वि.,बर्दिबास-५ बरडाँडा	3	3	1	130	43
19.	श्रीजनएकता आ.वि. ,बर्दिबास-६ किसाननगर	2	2	1	118	59
20.	श्रीरा.आ.वि. किसाननगर,बर्दिबास-६ किसाननगर	3	3	1	93	31
21.	श्रीजन जागृत मा.वि. कृष्णपुर,बर्दिबास-६ कृष्णपुर	8	8	3	437	55
22.	श्रीरा.आ.वि. मनहरीपुर फुलबारीटोल,बर्दिबास-7	2	2	0	148	74
23.	श्रीजनहीत नन्दलाल मा.वि.,बर्दिबास-६ चौलिखा	15	15	4	772	51
24.	श्रीजनज्योति आ.वि. ,बर्दिबास-६ मनहरीपुर	4	4	2	322	81
25.	श्रीरा.मा.वि. प्रेमनगर,बर्दिबास-७	10	10	3	354	35
26.	श्रीजनता सुकुमबासी आ.वि.,बर्दिबास-१ हात्तिलेट	1	1	1	89	89
27.	श्रीरा.आ.वि. नयाँटोल सतखोली,बर्दिबास-८ नयाटोल सतखोली	3	3	0	37	12

28.	श्रीशिशु कल्याण आ.वि. बर्दिबास-८ डिपुटोल	4	4	1	201	50
29.	श्रीरा.आ.वि. खजुरिया,बर्दिबास-८ खजुरिया	4	4	1	177	44
30.	श्री सरस्वति विद्या मन्दिर आ.वि. ,बर्दिबास-८ बेंखाडी	4	4	2	134	34
31.	श्रीमा.वि.हात्तीलेट,बर्दिबास-८ हात्तीलेट	17	17	4	513	30
32.	श्रीरा.मा.वि. पशुपतिनगर बनरझुला,बर्दिबास-९	15	15	10	743	50
33.	श्रीदुर्गा मा.वि.,बर्दिबास-९ पथलैया बजार	10	10	5	578	58
34.	श्रीजनमुखी आ.वि.,बर्दिबास-१ पशुपतिनगर	2	2	1	107	54
35.	श्रीजनकल्याण आ.वि. पशुपतिनगर,बर्दिबास-९	0	0	0	45	0
36.	श्रीलक्ष्मीनारायण ज.मा.वि.,बर्दिबास-१० खयरमारा	14	14	2	671	48
37.	श्रीज.आ.वि. टुटेश्वर खयरमारा,बर्दिबास-१० टुटेश्वर खयरमारा	2	2	2	110	55
38.	श्रीमित्रता आ.वि.,बर्दिबास-१० खयरमारा	3	3	3	133	44

39.	श्रीने.रा.आ.वि. ,बर्दिबास-१० दमारभन्ज्याङ	7	7	4	250	36
40.	श्रीरा.मा.वि.,बर्दिबास-११ छोड्के खयरमारा	8	8	5	195	24
41.	श्रीलक्ष्मीबास मा.वि. भांग्रे झ्याउरे,बर्दिबास-१ भांग्रे झ्याउरे	3	3	1	238	79
42.	श्रीसरस्वति मा.वि. ,बर्दिबास-११ बर्दिबास	4	4	3	227	57
43.	श्रीरा.ज.आ.वि. ,बर्दिबास-११ खयरमारा भरतटोल	1	1	1	68	68
44.	श्रीसहिद विशाल कुमार मा.आ.वि.,बर्दिबास-११ खयरमारा	3	3	0	196	65
45.	श्रीनेपाल राष्ट्रिय नारायणी मा.वि.,बर्दिबास-१२ चल्की बिजलपुरा	8	8	3	844	106
46.	श्रीजुरीमाई आ.वि.,बर्दिबास-१२ बिजलपुरा	2	2	0	107	54
47.	श्रीज.मा.वि. डाँडाटोल बिजलपुरा,बर्दिबास-१३ डाँडाटोल बिजलपुरा	9	9	3	1077	120
48.	श्रीसेम नेपाल नमुना इसामु आ.वि. ,बर्दिबास-१३ खोरटोल	2	2	1	177	89

49.	श्रीजनमुखी आ.वि. डाँडा टोल बिजलपुरा,बर्दिबास-१३	7	7	3	172	25
50.	श्रीरामजानकी आ.वि. अक्वानटोल बर्दिबास-12	1	1	0	54	54
51.	श्रीरा.आ.वि. बर्दिबास-१४	7	7	3	329	47

सैद्धान्तिक बेरुजु

८२ **नन्फाइलर -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रू.१६,२४,०६७ समेत रू.१,४१,२६,६२६ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरू कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रू.

भौ.नं.।मिति	**भुक्तानी पाउनेको नाम**	**पान नम्बर**	**नन्फनइलर रहेको मिति**	**भुक्तनी रकम**	**मू.अ. कर रकम**
२२७-०८०।३।१८	ओपन इन्टरप्राइजेज प्रा.लि.	६०४२५४९६८	२०८०।M।१	६४९२४२	७४६९१
२८५-०८०।३।२१				६४९७०२	७४७४५
२३३-०८०।३।१८				६४९२४३	७४६९२

१७७-०८०।३।८	पैरवी कन्सल्ट्स प्रा.लि.	६०६५४४१६६	२०८०।T।१	३९५९५७७	४५५५२८
३७-०७९।८।२०				९०४००	१०४००
२७९-०८०।३।२१	एन बी इन्टरनेशनल प्रा.लि.	६०९८५३०९०	२०७९।M।१२	३०६१२३	३५२१७
३१६-०८०।३।२४	हरि ॐ लक्ष्मी मेशिनरी स्टोर्स	३०२८७२१३८	२०८०।M।२	२०००००	२३००८
५-०७९।१२।१	निरग इन्टरनेशनल प्रा.लि.	६०९८५३१०६	२०७९।M।१२	३९८८९०	४५८९०
१७-०८०।३।२१				२३२९१३	२६७९५
९-०८०।१।२१	मनिष ट्रेडर्स	६०६२०८८२६	२०७९।M।१०	१२००७४६	१३८१३८
२३-०८०।३।२४	आभास ट्रेडर्स	६१७८९३४०४	२०८०।T।१	२३७५४१	२७३२७
२०-०८०।३।२३	सुमित्रा कन्सट्रक्सन प्रा.लि.	६०३९०५५४६	२०८०।T।१	३१४२९६८	३६६१८२
१८-०८०।३।२१	श्री लक्ष्मी जेनरल स्टोर्स	३०५१६९३८५	२०७९।M।१	८५७१६१	९८६११
६१७-०८०।३।२२	सिन्धुली ओम अग्नी बर्मे जे.भि.	६१८६५०७३८	२०८०।T।१	१५५२१२०	१७२८४३

	जम्मा रकम			१४१२६६ २६	१६२४० ६७

प्रमाण पेश नगरेको	१६,२४,०६७

८३ **पढ्दै कमाउदै कार्यक्रम** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं.२.७.१३.१३ अनुसार विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत पढ्दै कमाउदै कार्यक्रम कार्यान्वयनको लागि प्रति विद्यालय रु.१० लाख अनुदानको व्यवस्था छ । उक्त क्रियाकलापको बूँदा नं.९.१३ मा गत वर्षको कार्यप्रगतिको अवस्था यकिन गर्नुपर्नेमा पालिकाद्वारा सो नगरी निकासा दिएको पाइयो । यस सम्बन्धमा देखिएका अन्य व्यहोरा नम्नानुसरा छन्

८३.१
1. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत पढ्दै कमाउदै कार्यक्रम सञ्चालन कार्यविधि,२०७८ को दफा ८ अनुसार कार्यक्रम सञ्चालनका लागि विद्यालयलाई सुरुमा ५०% रकम उपलब्ध गराउने र कार्ययोजनामा उल्लेखित कार्यक्रमहरुको कार्यप्रगतिको नियमित अनुगमन गरी सोको आधारमा बाँकि ५०% उपलब्ध गराउनुपर्नेमा पालिकाले एकमुष्ट १००% अनुदान उपलब्ध गराएको पाइयो।
2. कार्यविधिको दफा २८ अनुसार अनुदान प्राप्त विद्यालयले सम्बन्धित स्थानीयत तहमा कार्यसम्पन्न प्रतिवेदन तथा वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने प्रतिवेदन पेश नभएको।

सैद्धान्तिक बेरुजु

८३.२ सोहि कार्यविधिको दफा २३ अनुसार विद्यालयले विद्यार्थीको व्यवसायीक क्लब तथा व्यवसायीक सिकाइ समूह गठन गर्नुपर्ने र सो समूहलाई जिम्मेवारी बाँडफाँड सहित क्रियाशिल बनाउनुपर्नेमा विद्यालयद्वारा उल्लेखित काम नभएको पाइयो ।तसर्थ, विद्यालयद्वारा पढ्दै कमाउदै कार्यक्रमको लागि अनुदान निकासा भए पनि विद्यालयले उक्त कार्यक्रम सञ्चालन नगरेको पालिकाको शिक्षा शाखाको भनाई रहेकोले अनुदान वापतको रकम असुल गरी संघीय खातामा दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१०,००,०००

८४ **पारिश्रमिक कर** - आयकर ऐन २०५८ को दफा ८७ बमोजिम रोजगारदाताले कुनै कर्मचारी वा कामदारले प्राप्त गरेको आय गणना गरी अनुसुची-१ बमोजिमका दरले हुने कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिका अन्तर्गत सञ्चालित १५ शैयाको बर्दिवास अस्पतालका कर्मचारीहरुलाई भुक्तानी गरेको तलब/भत्तामा कट्टा गरेको अग्रिम आयकर रु.७५५०, सामाजिक सुरक्षा कर रु.१९१८ र पारिश्रमिक कर बापत रु.२१९२५५ गरी कुल रु.२२८७२३ राजस्व दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२,२८,७२३

८५ **पूर्व निर्धारित क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२१(क) मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नवढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनु पर्ने व्यवस्था छ । नगरपालिकाले कोल्ड स्टोर छाना निर्माणको लागि रु.६१,३८,५८८ को अन्तिम लागत अनुमान बनाई ठेक्का नं.NCB/Works/BM/078-079/80 को सूचना आह्वान गरेकोमा निर्माण व्यवसायी सिन्धुली/ओम अग्नी बर्मे जे.भि. ले रु.६०,३८,३०८ मा स्वीकार गरी मिति २०७८।१।२५ मा कार्यदेश दिई २०७९।८।१३ मा सम्पन्न गर्ने गरी सम्झौता भएकोमा म्याद थप नभएको पाइयो । स्रेस्ता परीक्षण गर्दा निर्माण व्यवसायीले मिति २०८०।३।३० मा कार्यसम्पन्न पेश गरी अन्तिम बिलको भुक्तानी लिएको देखिन्छ। निर्माण व्यवसायीले नियमावलीको नियम १२० बमोजिम म्याद थप नगरी २२७ दिन ढिलो काम सम्पन्न गरेकोले नियमानुसार १०% ले हुन आउने पूर्व निर्धारित क्षतिपूर्ती वापत निर्माण व्यवसायी सिन्धुली/ओम अग्नी बर्मे जे.भि.सँग असुल गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	६,०३,८३१

८६ **घरभाडा -** मधेश प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन,२०७७ को दफा १४ मा स्थानीय तहका पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने उल्लेख छ ।साथै नगरपालिकाले कानून नबनाई देहायका कर्मचारी तथा जनप्रतिनिधिहरुलाई घरभाडा दिएकोले असुल गरी दाखिला गर्नुपर्ने रु.

क्र.सं.	**कर्मचारीको नाम**	**मासिक**	**वार्षिक (विधुत समेत)**	**घरबेटिको नाम**
1.	डा. कृष्ण महर्जन	१५०००	१८९७३८	रुभा तिवारी वडाँ नं.२
2.	उप-मेयर	१८०००	२१६०००	विन्देश्वर यादव वडा नं.३
3.	स्टाफ नर्स	२७०००	३२४०००	राजकुमार विश्वकर्मा वडा नं.३
4.	छात्रवृतीका डाक्टरहरु	४९०००	५८८०००	केदार प्रसाद रिमाल वडा नं.४
	जम्मा रकम		**१३१७७३८**	

असुल गर्नुपर्ने	१३,१७,७३८

८७ **प्राविधिक धारका विद्यालयलाई अनुदान -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.७.१३.५० मा प्रति विद्यार्थी लागका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान शिर्षकको बूँदा नं. २.६ मा प्राविधिक धार सञ्चालित कक्षा (९-१२) सम्म चलेका विद्यालयलाई शिक्षण सिकाइ सामग्री तथा Lab assistant, Equipment and Practical Materials व्यवस्थापनको लागि प्रति विद्यार्थी रू.१५००० अनुदान दिने व्यवस्था छ ।यस सम्बन्धमा स्थानीय तहले अनुदान वित्तरण गर्नुपूर्व साविकको शिक्षा विभाग तथा हालको शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्राविधिक धार सञ्चालन अनुदान प्राप्त गर्ने निर्णय भएका अनुसूची ११ मा उल्लेखित विद्यालयहरू तोकिएको मापदण्ड अनुसार सञ्चालन भए नभएको अनुगमन गर्ने । यस प्रकृतिका विद्यालयमा अध्ययनरत कक्षा ९-१२ सम्मका विद्यार्थी सङ्ख्या यकिन गरी शिक्षण सिकाइ सामग्री, ल्याव असिष्टेण्टका लागि पारिश्रमिक, उपकरण तथा प्रयोगात्मक सामग्री व्यवस्थापन तथा व्यवहारिक अभ्यासका लागि प्रति विद्यार्थी रू. १५,०००/- का दरले हुन आउने रकम एकमुष्ट रूपमा विद्यालयलाई अनुदान दिने व्यवस्था रहेकोमा नगरपालिकाले पशु विज्ञान धारको लागि भौ.नं. १०९-०७९।१२।२९ बाट श्री जनता माध्यमिक विद्यालय गौँरीडाँडालाई प्राविधिक धार बापत रु.२५,८०,००० अनुदान निकासा दिएकोमा यस सम्बन्धमा देखिएको व्यहोरा देहायनुसार छन्-

८७.१

1. श्रेस्ता परीक्षण गर्दा नियमानुसार प्राविधिक धारको विद्यार्थीको लागि प्रा.वि. त्तृतीय तहको सेवा सुविधा दिने एक जना ल्याव असिस्टेन्ट नियुक्ती गर्नुपर्ने व्यवस्था रहेकोमा विद्यालयले ल्याव असिस्टेन्ट नियुक्ती गरेको भने पनि अन्तिम लेखापरीक्षणमा निजको नियुक्तिपत्र तथा शैक्षिक प्रमाणपत्र पेश गरेको पाइएन्।
2. कार्यान्वयन पुस्तिका अनुसार OJT वापतको कक्षा ९-११ सम्म ३ महिना र १२ लाई ६ महिनाको लागि प्रति विद्यार्थी रु.१००० का दरले OJT अभ्यासको लागि विद्यार्थीको बैङ्क खातामा रकम उपलब्ध गराउनुपर्नेमा विद्यालयले ३ महिनाको प्रति विद्यार्थी रु.३००० का दरले नगद बाँडेको भरपाई पेश गरको छ । साथै विद्यालयले २०७८ मा खरिद गरेको बिजकको खरिद मिति केरमेट गरी अन्तिम लेखापरीक्षणमा पेश गरेकोले विद्यालयले अनुदान रकम नियमानुसार खर्च गरेकोमा आश्वस्त हुन सकेन्। तसर्थ, नगरपालिकाद्वारा यसको छानविन गरी प्राविधिक धार अनुदान रकमको सदुपयोग बारे यकिन गर्नुपर्ने अन्यथा विद्यालयलाई फर्जी प्रमाण पेश गरेकोमा अनुदान रकम असुल गरि आवश्यक कारवाहीको दायरामा ल्याउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८७.२ विद्यालयले उपलब्ध गराएको विवरण अनुसार कक्षा ९ मा ४८ जना, कक्षा १० मा ४४ जना, कक्षा ११ मा ३६ जना र कक्षा १२ मा ४० जना गरी कुल १६८ जना प्राविधिक धारका विद्यार्थी रहेकोमा नियमानुसार प्रति विद्यार्थी रु.१५,००० का दरले रु.२५,२०,००० निकासा दिनुपर्नेमा रु.२५,८०,००० निकासा दिएकोले बढी निकासा रकम असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	६०,०००

८८ **औषधि खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १ (क) मा बिस लाख रुपैयाँ सम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रियस्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। नगरपालिकाले १०१ प्रकारको औषधि खरिदको लागि मिति २०७९।५।३० मा खबर दर्पणमा औषधि तथा सर्जिकल सामानहरुको लागि मू.अ. कर समेत रु.४९,९८,६२१ लागत अनुमान बनाई सूचना आह्वान गरेकोमा ६ वटा औषधि सप्लायर्सले ठेक्का हालेको पाइयो । जसमध्ये बंगलामुखी मेडिसिन सप्लायर्स प्रा.लि. (६१००४०३२८) ले मू.अ. कर समेत न्यूनतम ८१.९८ प्रतिशत BELOW रु.८,५०,७७३ मा कबोल स्वीकारेको छ । साथै नगरपालिकाले भौ.नं.१२८-०८०।१।२७ बाट बंगलामुखी मेडिसिन सप्लायर्स प्रा.लि. बाट नै पुरानो कवोल दरमा औषधि खरिद गरी रु.९,९९,८०० भुक्तानी गरेको छ ।नगरपालिकाले भौ.नं.२१४-०८०।३।१७ मा पनि कान्तिपुर फार्मेशी (६०१२१६७७०) बाट रु.३,०८,३०० को औषधि खरिद गरेको छ। यसरी पालिकाले कुल रु.२१,५८,८७३ को संघीय सशर्त चालुबाट औषधि खरिद गरे देखिन्छ। यस सम्बन्धी देखिएको अन्य व्यहोराहरु निम्नानुसार छनः

- औषधी खरिद गर्दा आवश्यकता विष्लेषण गरेको र खरिद योजना बनाएको देखिएन। आवश्यकताको आधारमा परिमाण एकिन नगरी खरिद गर्दा अनावश्यक रुपमा खरिद भई मौज्दात रहने तथा सही समयमा उपयोग नहुने स्थिति तर्फ पालिकाको ध्यान जानु पर्दछ।
- पालिकाले खरिद गरेको औषधि elmis मा प्रविष्टि गरेको छैन्।औषधि वा औषधिजन्य सामग्रीको खरिद गर्दा अनिवार्य रुपमा elmis प्रविष्टि गर्नुपदर्छ ।
- आपूर्ति हुने औषधि WHO GMP सर्टिफाइड हुनुपर्ने व्यवस्था रहेकोमा औषधि खरिद गरेको कम्पनीको WHO GMP सर्टिफाइड पेश भएको छैन् ।तर्सथ, पालिकाले स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने औषधिजन्य वस्तुहरुको खरिद गर्दा गुणस्तरीयताको प्रमाणिकतालाई विशेष ध्यान दिनुपर्दछ।
- औषधिको म्याद समाप्त मिति खुलाई उल्लेख गर्नुपर्ने र न्युनतम १८ महिना म्याद अवधि बाँकी रहनुपर्ने कानूनी व्यवस्था रहेकामा सो विषय सम्झौतामा उल्लेख नगरेको, औषधीको आपूर्ति पछि भुक्तानी अघि गुणस्तर र स्पेशिफिकेसन अनुसारको सामान भए नभएको मूल्याङ्कन समितको प्रतिवेदनको आधारमा यकिन गरी भुक्तानी दिनुपर्नेमा खरिद सम्झौतामै गुणस्तर र स्पेशिफिकेसन नतोकिएकोले गुणस्तर परीक्षण सम्बन्धी कार्य भएको देखिएन। मानवजन्य स्वावस्थयसँग गम्भीर सरोकार राख्ने औषधी आपूर्ती जस्तो विषयलाई गौण ठानी खरिद कार्य गर्नु उचित देखिएन । यस्तो खरिद कार्यमा सुधार हुनुपर्दछ ।
- निःशुल्क वित्तरणको लागि भनी औषधीको प्रत्येक स्ट्रिपमा उल्लेख गरी कारोवार गरेको छैन। आपूर्ति भएका औषधी एवंम् सर्जिकल समान स्टोर दाखिला हुनु अघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन।औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको ।
- औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको छ।औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुनेगरी अभिलेख राख्ने,

तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी मागको आधारमा स्वास्थ्य चौकीहरुमा हस्तान्तरण गरेको प्रमाणको आधारमा खर्च घटाउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

८९ **आमा सुरक्षा कार्यक्रम -** नगरपालिकाले आमा सुरक्षा कार्यक्रम अन्तर्गत बर्दिवास अस्पताललाई संघीय सशर्त चालु शिर्षकको विभिन्न भौचरबाट वर्षभरिमा रु.३५,५२,६१४ निकासा दिएकोमा अस्पतालले पेश गरेको आय-व्यय विवरण अनुसार उक्त शिर्षकमा रु.२२,३३,०१९ मात्र खर्च भएकोले बढी निकासा रकम बर्दिवास अस्पतालसँग असुल गरी संघीय खातामा दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१३,१९,५९५

९० लघु उद्यम विकास कार्यक्रम

९०.१ गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ को प्रकरण नं. ४१ (२) मा प्रविधिको कुल लागतको कम्तिमा २०% रकम उद्यमी स्वयमले व्यहोर्नुपर्ने व्यवस्था छ ।नगरपालिकाले भौ. नं.२७९-२०८०।३।२१ बाट सिलाई मेशिन लगायत विभिन्न प्रकारका प्रविधि खरिद गरि रु.३,७,००० भुक्तानी दिएको छ। नगरपालिकाले खरिद गरेको प्रविधि वित्तरण गरेकोमा नियमानुसार २० प्रतिशत रकम उद्यमीबाट कट्टी नगरेकोले कार्यक्रम सञ्चालकलाई जिम्मेवार बनाई सम्बन्धित उद्यमिहरुबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	६१,४००

९०.२ गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ को प्रकरण नं. ३९ (२) अनुसार तालिमबाट उत्पादित सामान वा वस्तुहरूको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरू प्रशिक्षण अवधिभित्रै परल मूल्यको पचास प्रतिशत छुट मूल्यमा सहभागीलाई नै बिक्री गर्न सकिने वा दफा (३) मा सामान वा वस्तुको बिक्रीबाट प्राप्त रकम तालिम सम्पन्न भएपछि शाखाले कार्यालयले तोकेको राजश्व खातामा दाखिला गर्नु पर्ने व्यवस्था रहेको साथै दफा (४) मा शाखाले उपदफा (२) बमोजिम बिक्री तथा वितरण हुन नसकेका सामान वा वस्तुहरू सम्भव भएसम्म बिक्री वितरण वा प्रचार प्रसारका लागि कोसेली घर, सौगात गृह, बिक्री कक्ष वा प्रदर्शनी स्थलमा पठाउने व्यवस्था मिलाउनु पर्नेछ। त्यसरी पठाउँदा पनि विक्री नभएमा विवरण सहित कार्यालयमा बुझाई सात दिनभित्र स्टोर दाखिला गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले लघु उद्यम कार्यक्रमको लागि सामग्री खरिदको लागि भौ.नं.१८५-०८०।३।११ बाट डल कुशन, जुत्ता चप्पल, फाइबर झोला र लाहाचुरा तालिमको लागि रू.४,३०,६८० भुक्तानी दिएकोमा पालिकाले त्यसबाट उत्पादित वस्तु उद्यमिहरुलाई नै दिएकोले कार्यक्रम सञ्चालक कर्मचारीलाई जिम्मेवार बनाई नियमानुसार ५०% असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२,१५,३४०

९१ **न्यानो झोल खरिद -** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७८।७९ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ १५९) मा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरूले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष पालिका अन्तर्गत सञ्चालित ३ वटा बर्थिङ्ग सेन्टरको लागि भौ.नं. ४०-२०७९।९।११ बाट बर्दिवास सर्जिकल प्रा.लि. (६१००६०२२१) बाट ८०० थान न्यानो झोला रु.८९९.४८ का दरले खरिद गरी रु.७,९१,५४२ भुक्तानी दिएको छ ।साथै भौ.नं.२५७-०८०।३।१९ बाट दिपेश इन्टरप्राइजेज प्रा.लि.(६१००४०३३१) सँग ९९० थान झोला रु.४,९४,७१४ मा खरिद गरेको र भौ.नं.२९९-०८०।३।२२ बाट रु.१२,८६,२५६ को न्यानो झोला खरिदको लागि भुक्तानी दिएको छ ।नगरपालिकाले कुल रु.२५,७२,५१२ को न्यानो झोला खरिद गरको छ। खरिद भएका झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । साथै झोला आपूर्ती भैसकेपछि अस्पतालहरुले यकिन गर्नुपर्नेमा सो नभएको र अन्तिम लेखापरीक्षणको अवधिसम्म पनि बर्थिङ्ग सेन्टरको भण्डारणमा मौज्दात रहेको पाइयो । एक आर्थिक वर्षमा खरिदको लागत अनुमान तयार गरेर मात्र खरिद गर्नुपर्दछ। लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा समेत हास आउँने हुनाले पालिकाले माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय न्यानो झोला खरिद गर्नेतर्फ ध्यान दिनुपर्छ।

सैद्धान्तिक बेरुजु

९२ **स्वास्थ्य तर्फ ज्यालादारी कर्मचारी -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को परिच्छेद ११ दफा ८३ (८) मा उल्लेखित पद भन्दा बाहेकको पदको कर्मचारी स्थानीय निकायले दैनिक ज्यालादारीमा नियुक्त गर्न नमिल्ने उल्लेख छ । नगरपालिकाले नियम विपरित बर्दिवास अस्पताल र पालिका अन्तर्गत सञ्चालित स्वास्थ्य चौकिहरूमा देहायका कर्मचारीहरुलाई दैनिक ज्यालादारीमा नियुक्त गरी वार्षिक रू.६५,०३,७३७ भुक्तानी दिएको नियमसम्मत नभएको रु.

स्वास्थ्य चौकी तर्फ			
पद	**तह**	**नाम**	**वार्षिकभुक्तानी**
ल्या.टे	पाचौं तह	पुजापुर्वाछाने	२४००००
अहेव	चौथौ तह	मिथिलेशशाह	२१६०००

अहेव	चौथौ तह	रमेश कुमारसाह	२१६०००
अहेव	चौथौ तह	बेद कुमारीखत्री	२१६०००
अहेव	चौथौ तह	इन्द्र देवमहतो	१९८४००
लया.अ.	चौथौ तह	अर्विनकुमार महतो	२१६०००
स.ले.पा	चौथौ तह	शुभलालतामाङ्ग	२०७०००
स.क.अ	चौथौ तह	रविन्यौपाने	२१६०००
कार्यलयसहयोगी	श्रेणीविहिन	राजेशकुमार साह	१८६०००
कार्यलयसहयोगी	श्रेणीविहिन	सुशिलाकुमारी भुजेल	१८६०००
कार्यलयसहयोगी	श्रेणीविहिन	हरि प्रसादपौडेल	१८६०००
सवारीचालक		राम सजिवनसिंह	३५८९५६
सवारीचालक		राजकुमारश्रेष्ठ	३५८९५६
फार्मेसीसहायक	पाँचौ	निरजपोखरेल	१२००००
फार्मेसीसहायक	पाँचौ	अमितन्यौपाने	१२००००
		जम्मा रकम	**३२४१३१२**

अस्पताल तर्फका कर्मचारीहरू

अस्पतला तर्फका ज्यालादारी कर्मचारी					
क्र.सं.	तह	नाम	कार्य दिन	दैनिक रु.	वार्षिक रु.
1	पाँचौ	आदित्य नारायण यादव	59	675	39825
2	पाँचौ	सिमा सिंह दर्मामी	181	675	122175
3	पाँचौ	पुजा कुमारी ठाकुर	164	675	110700
4	पाँचौ	भोला नाथ सिंह	181	675	122175
5	पाँचौ	अम्विका हायु	181	675	122175
6	पाँचौ	रिता कार्कि	180	675	121500
7	पाँचौ	सिमा खड्का	167	675	112725
8	पाँचौ	लिला कुमारी महतो	181	675	122175
9	पाँचौ	अस्तिता रंजितकार	181	675	122175
10	पाँचौ	पुजा कुमारी यादव	60	675	40500
11	पाँचौ	इन्द्र कुमारी	181	675	122175
12	पाँचौ	रानी मण्डल	181	675	122175

13	पाँचौ	धर्म कुमार साह	181	675	122175
14	पाँचौ	राम अधिन महतो	181	675	122175
15	चोथौ	प्रमोद साह तेली	181	600	108600
16	चोथौ	रुपा कुमारी महतो	181	600	108600
17	चोथौ	गंगा कुमार कार्कि	181	600	108600
18	चोथौ	रेजिना बस्नेत	181	600	108600
19	चोथौ	देवकी जर्धा	181	600	108600
20	चोथौ	सिता भट्टाराई	181	600	108600
21	चोथौ	ओम कुमारी आले	181	600	108600
22	चोथौ	चन्द्रका थिङ्ग	181	600	108600
23	चोथौ	प्रमिला थापा	181	600	108600
24	चोथौ	गंगा कुमारी चौधरी	181	600	108600
25	चोथौ	प्रतिमा कोइराला	181	600	108600
26	चोथौ	मिजन हमाल	181	600	108600
27	चोथौ	छोटेलाल यादव	181	600	108600

28	चोथौ	अनिसा कुमारी ठाकुर्	181	600	108600
29	चोथौ	जेनिसा दाहाल	181	600	108600
30	चोथौ	मिना न्यौपाने	181	600	108600
		जम्मा रकम			3262425

पालिकाले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८३ अनुसार स्वीकृत संगठन संरचना सभाबाट पारित गरी दरबन्दी निर्धारण गरी मात्र कर्मचारी नियुक्त गर्नुपर्दछ ।

अनियमित भएको	६५,०३,७३७

९३ सामाजिक सुरक्षा

९३.१ **भत्ता वितरण -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २६ बमोजिम सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा आर्थिक बर्षको अन्त्यमा रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ । यो वर्ष सामाजिक सुरक्षा भत्ता वडा नं.१ देखि १४ सम्मको लागि विभिन्न १२ बैंक मार्फत भत्ता वितरण गर्न रु. २७,८४,६३,००८ निकासा भएको छ । समाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को अनुसूची ८ मा स्थानीय तह र बैंक बिच हुने सम्झौताको दफा ६ मा पालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरणसहित बाँकी रकम भए पालिकालाई उपलब्ध गराउनुपर्ने, कुनै लाभग्राहीको लगतकट्टा भएमा लगतकट्टा भएको मिति र पाउने रकम समेतको जानकारी पालिकाले तत्काल बैंकलाई उपलब्ध गराउनुपर्ने र सोको जानकारी प्राप्त भएपछि बैंकले लगत कट्टा भएको लाभग्राहीको उक्त मिति पछि रकम पालिकामा फिर्ता पठाउने तथा बैंकले निष्क्रिय खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र पालिकालाई दिनुपर्ने व्यवस्था छ। पालिकाबाट विभिन्न त्रैमासिकमा विभिन्न बैंकलाई रकम जम्मा गर्न पठाएको रकम मध्ये भुक्तानी नभई निष्क्रिय खातामा रहेको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने । बैंकले लाभग्राहीको खातामा रकम जम्मा भएको विस्तृत विवरण पालिकामा पठाएको छैन । पालिकाले लाभग्राहीको खातामा रकम जम्मा गरेको विस्तृत विवरण माग गरी फिर्ता रकम एकीन गर्नुपर्दछ। लगत अद्यावधिक गरी रकम निष्क्रिय नहुने व्यवस्था गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

९३.२ **लाभग्राहीको खातामा रकम जम्मा -** समाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा २५ मा बैंकले लाभग्राहीको खातामा रकम जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहीको नाम, बैंक खाता नम्बर र जम्मा भएको रकम सहितको विवरण अनुसूची १३ बमोजिम त्रैमासिक रुपमा सम्बन्धित स्थानीय तहलाई विधुतीय माध्यमबाट अनिवार्य रुपमा पठाउनु पर्नेछ र यसै विवरणलाई रकम वितरण भएको भरपाई मानिने व्यवस्था छ। पालिकाले समाजिक सुरक्षा शीर्षकबाट लाभग्राहीको खातामा रकम भुक्तानी गर्न बैंकलाई प्रत्येक वडाको विवरण सहित रु २७,८४,६३,००८.०० निकासा दिएकोमा बैंकले दिएको रिभर्सफिड अनुसार विश्लेषण गर्दा फिर्ता गर्नुपर्ने रकम निम्नानुसार बैंकवाट रु ४७६८२५ फिर्ता लिई संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु

वडा न	बैककोनाम	निकासारकम	रिर्भसफिड	फरक	बैंकले फिर्ता गरेको रकम	फिर्तागर्नुपर्ने रु
१	नेपाल एसवि आइ	२०८२९०२५	२०७००२७७	१२८७४८	७६७८८	५१९६०
२	नेपालइन्भष्टमेन्ट मेघा	१२०९६७१७	११९२६४६४	१७०२५३	२७३५२७	०
३	सेन्टलफाइनान्स	३५७२३६०५	३५६८६४१९	३७१८६	२०८४८	१६३३८
४	लक्ष्मिसनराइज बक	२०६२२०२१	२०५६१२२८	६०७९३	०	६०७९३
५	प्राइमकमर्शियल	२६७१७५५१	२६६२०७५४	९६७९७	३९३०३	५७४९४
६	लक्ष्मिसनराइज बक	२३७७४३९९	२३५७६१०२	१९८२९७	०	१९८२९७
७	साङ्ग्रिला	१२५७०२०७	१२५१९३६०	५०८४७	५१५१४	०
८	सिटिजन्सबैक	२६६०८८४९	२६३३६९८७	२७१८६२	३१२२३४	०
९	गुडविलफाइनान्स	१६१५८७३०	१६०८१८४६	७६८८४	७८९६४	०

१०	कुमारीबैक	१८७७०४२०	१८७७०४२०	०	२८६२९	०
११	कुमारीबैक	२०६४४१९८	२०६४४१९८	०	०	०
१२	माछापुच्छेबैक	१५४६८६०८	१५३०८७९९	१५९८०९	१३६५८०	२३२२९
१३	एन आइ सिएसिया	१५२४४६३०	१५१७५९१६	६८७१४	०	६८७१४
१४	लक्ष्मिसनराइज बक	१३२३४०४८	१३२२८४५२	५५९६	३५३९९	०
		२७८४६३००८	२७७१३७२२२	१३२५७८६	१०५३७८६	४७६८२५

प्रमाण पेश नगरेको	४,७६,८२५

९३.३ **पारदर्शिता र अनुगमन तथा निरीक्षण -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम मन्त्रालय, विभाग, प्रदेश मन्त्रालय तथा पालिकाका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रकृयाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । सो बमोजिम पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुविधा लिने ब्यक्तिले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन । सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ बमोजिम स्थानीय तहले लाग्राहीको नाम, दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पूरा गर्नुपर्ने प्रकृया सम्बन्धी स्थानीय सामाजिक संघसंस्था तथा गैर सरकारी संस्थाको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र सो सम्बन्धी सूचना स्थानीय एफ. एम. लगायत संचार माध्यमहरुबाट प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामावली स्थानीयतहले आफ्नो वेभसाईटमा राख्ने व्यवस्था रहेको छ । यसवर्ष पालिकाले सो बमोजिम कार्य गरेको देखिएन ।

सैद्धान्तिक बेरुजु

९३.४ **लगत कट्टा -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ११ बमोजिम स्थानीय तहको अभिलेखबाट नाम हटाउनुपर्नेमा कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिलाले विवाह गरेमा, बालबालिकाको उमेर ५ वर्ष पुगेमा, बैंकबाट वितरण भएकोमा लगातार १ बर्ष सम्म खाता निष्क्रीय भएमा, सामाजिक सुरक्षा

भत्ता पाउने ब्यक्ति बसाई सरी अन्यत्र गएमा र अयोग्य ब्यक्ति भत्ता प्राप्त गरेको प्रमाणित भएमा स्थानीय तहको वडा कार्यालयमा ३५ दिनभित्र घटना दर्ता गराएमा वा कुनै लाभग्राहीले घटना दर्ता नगराएको अवस्थामा स्थानीय तहका वडा अध्यक्ष, वडा सदस्य वा वडा सचिव वा कार्यरत कर्मचारीले घटना भएको जनकारी पाएमा सत्य तथ्य बुझी वडा कार्यालयबाट लगत कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा लाभग्राहीको लगत कट्टा गरेको विवरण लेखापरीक्षणको क्रममा पेश नभएकोले वास्तविक संख्या एकिन गर्न सकिएन ।

सैद्धान्तिक बेरुजु

९३.५ **दोहोरो भत्ता -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा बमोजिम सामाजिक सुरक्षा भत्ता नपाउनु पर्ने व्यक्तिले पाएको, पाउनु पर्ने व्यक्तिले नपाएको वा अन्य अनियमितता भएको विषयमा वा ऐन, नियमावली र यस कार्यविधि बमोजिमको सुविधा प्राप्त गर्ने उदेश्यले झुट्टा विवरण पेस गरी भत्ताको लागि परिचयपत्र प्राप्त गरेको वा दोहोरो भुक्तानी लिएको पाईएमा स्थानीय तहले भत्ता रोक्का गर्न, निश्चित समय सम्मका लागि परिचयपत्र स्थगित गर्न वा रद्द गर्न र हिनामिना वा दुरुपयोग गरेको वा कानून बमोजिम भत्ता नपाउने व्यक्तिलाई भत्ता दिएको ठहरेमा स्थानीय तहको न्यायिक समितिले आवश्यक कारबाही गरी भुक्तानी भई सकेको रकम असुल उपर गर्ने र विगो बमोजिम जरिवाना गर्न सक्नेछ ।पालिकावाट देहायका व्यक्तिहरुको नागरिकता नं., बुवाको नाम, आमाको नाम समान रहेकोले सामाजिक सुरक्षा वापत दोहोरो भएको हुनसक्ने सम्भावना देखिन्छ सो पालिकाले विस्तृत अध्ययन गरी यकिन गरी सम्बन्धितवाट असुल उपर गर्नुपर्ने रु

क्रस	भुक्तानी पाउनेको नाम	नागरिकता नं	वडा नं	भुक्तानी रकम
१	चक्रा बहादुर बालमपाकी	०४९२०२२७४	१	४८०००
२	शुसिला कुमारी दमाई	०४९२२९२८	३	३१९२०
३	बाल बहादुर कर्मी र लाल बहादुर कुर्मी	०४९२२४८०४९	३	४८०००
४	सुकुमान छिरिङ्ग र सुकु माया	०४९२३६३८	४	४८०००
५	काली माया	०४९२२४२९	५	४८०००
६	फुल माया	०४९७२२८०	८	३१९२०

७	श्रीमती विष्णुमाया पोखरेल	१८२६०३०५	१२	४८०००
८	लालो देवी	३३८१०७७८	१२	४८०००
९	परीक्षण राउत	१८२६१२०१	१३	४८०००
	जम्मा			३९९८४०

असुल गर्नुपर्ने	३,९९,८४०

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान: बर्दिबास नगरपालिका, महोत्तरी , बर्दिबास नगरपालिका , महोत्तरी

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	धर्मानन्द जोशी	२०७९-२-१७	हाल सम्म कार्यरत
लेखा प्रमुख	सर्मिला कुमारी तामाङ्ग	२०७७-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरणः

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१३,६४३,३१८.६	२१,६९६,४८४.५६	५५,६३२,२९९	०	०	०
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					९०,९७२,१०२.१६
प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.					०
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					९०,९७२,१०२.१६

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		४५७६६०१२५.३४	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	६५२६९००००	**चालु खर्च**	५५९९५०६६६.६५
प्रदेश सरकारबाट अनुदान	२६८४३०००	**पूँजीगत खर्च**	३९८१०५०६२.३६
राजश्व बाँडफाँट	१९७७९०५२८.४६	**वित्तीय/अन्य व्यवस्था**	४१०९७३७४६.६८
आन्तरिक आय	३६३७५०४८.५६		
अन्य आय	३४७०८४८१०.४३		
कुल आय	१२६०७८३३८७.४५	**कुल खर्च**	१३६९०२९४७५.६९
बाँकी मौज्दात		३४९४१४०३७.१	

• प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन (PAR) र अन्तिम लेखापरीक्षण प्रतिवेदन (FAR) मा जारी भएको दफाको क्रम संख्या हेरफेर हुन सक्नेछ ।